लेखापरीक्षण प्रतिवेदन

राईनास नगरपालिका, लमजुङ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

राईनास नगरपालिका, लमजुङ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/268

श्रीमान् प्रमुखज्यू,

राईनास नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, लमजुङ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्याम प्रसाद भण्डारी)

नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/268

श्रीमान् प्रमुखज्यू,
राईनास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
लमजुङ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पालिकाबाट पेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको रु.१ अर्ब ३४ करोड ६० लाख १४ हजार लेखापरीक्षण गरिएकोमा रु.३ करोड ७३ लाख १५ हजार (२.७७ प्रतिशत) बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.१ करोड ९९ लाख ०६ हजारको प्रतिक्रियाबाट फस्र्योट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रु.३ लाख २३ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ०४ लाख ४२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.६५ लाख ८३ हजार, र पेस्की बाँकी रु.६० हजार रहेको छ। गत वर्षसम्म रु.१६ करोड ४७ लाख ०२ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.१८ करोड २१ लाख ११ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
७२	८०	३,७३,१५,५२२	०	२१	१,९९,०६,१८७	०	७२	५९	१,७४,०९,३३५	३,२३,६०३	१,०४,४२,६६४	६५,८३,०६८	०	०	१,७०,२५,७३२	६०,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
लमजुङ	१६,४७,०२,६००	०	०	१६,४७,०२,६००	०	१,७४,०९,३३५	१८,२१,११,९३५

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	स्थानीय भत्ता	११,४००
२	२०८१/८२	विभाज्य कोष	२८,१५,६४९
३	२०८१/८२	मोबिलाईजेशन पेस्की	८,७८,५००
४	२०८१/८२	प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन	५७,०३,५६७
५	२०८१/८२	परीक्षा व्यवस्थापन	४,९५०
६	२०८१/८२	धमिलिकुवा स्वास्थ्य चौकी भवन १५ शैय्या अस्पतालमा स्तरोन्नती (१-०७९।८०)	१,००,७६,७९५
७	२०८१/८२	कट्टी रकम दाखिला नभएको	१८,१६६
८	२०८१/८२	एज बिल्ट नक्सा	१,००,०००

९	२०८१/८२	अनुगमन भत्ता	२,९७,१६०
जम्मा			१,९९,०६,१८७

राईनास नगरपालिका, लमजुङ

(८०४३७४०३३००)

राईनास नगरपालिका , लमजुङ

परिचय

१

(क) कार्यालय परिचय :- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकाको १० वडा, ७१.९७ वर्ग किलोमिटर क्षेत्रफल तथा १८ हजार ५२७ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।८ देखि २०८२।५।१३ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आर्थिक वर्ष २०८१।०८२ को आय व्ययसमेत रू.१ अर्ब ३४ करोड ६० लाख १४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची -२ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली - लेखापरीक्षणको क्रममा देहाय बमोजिमको रु. ८४३००।- असुली भई सञ्चित कोष दाखिला भएको भएको छ ।

सि नं	विवरण	रकम
१	दोहोरो भ्रमण खर्च भुक्तानी	७२००।-
2	दोहोरो भत्ता भुक्तानी	७७१००।-
	जम्मा	८४३००।-

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकिकृत आर्थिक विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण देहाय अनुसार रहेको छ ।

आय			व्यय		
विवरण	**रकम**	**रकम**	**विवरण**	**रकम**	**रकम**
१.सुरु मौज्दात	६३३२५६५२.०१	६३३२५६५२.०१	**१ चालु खर्च**	३५४३१३६३९.००	३५४३१३६३९.००
१.संचित कोष	३८३९६५६१.८६		१. पालिका तर्फ	१२२२३३३७३.००	
२.धरौटी	२१९८८१०२.५८		२. संघीय सशर्त	२३२०८०२६६.००	
३.कार्यसञ्चालन कोष	१३९४१०२.५७		३. संघीय विशेष	००	
क विविध खर्च खाता	१३९४१०२.५७		४. प्रदेश सशर्त	००	
४. अन्य कोष	१५४६८८५.००		५. प्रदेश विशेष	००	
क विविध कोष खाता	१४०२२६८.००		**२ पुँजीगत खर्च**	१२,७०,९५,८५९.९५	१२७०९५८५९.९५
ख प्रकोप व्यवस्थापन कोष	१४४६१७.००		१. पालिका तर्फ	७१९७५९९१.९५	
२.यस वर्षको आय	६६९०७६३०१.१०	६६९०७६३०१.१०	२. संघीय सशर्त	३१७५७४८४.००	
१.आन्तरिक आय	१६२२१५९२.१०		३. संघीय विशेष	१८७२३८०२.००	
क) आन्तरिक राजश्व	१०४९५८१८.७२		४. संघीय समपुरक	००	
ख) बाँडफाँड हुने दहत्तर बहत्तर राजश्व	२८१५६४९.८०		५. प्रदेश सशर्त	००	
ख) राजस्व बाँडफाँट स्थानिय	२९१०१२३.५८		६. प्रदेश विशेष	१८८२९१९.००	
२.वित्तीय हस्तान्तरण (संघ)	४९३६८७५०५.४९		७. प्रदेश समपुरक	२७५५६६३.००	
क) समानीकरण अनुदान	७८०८७७६०.००		**३ अन्तर सरकारी अख्तियारी (संघ)**	१२४६१११०६.०५	१२४६११११०६.०५
ख) राजस्व बाँडफाँट	७११३६४६८.४९		क) सामाजिक सुरक्षा	१२३३८११०६.०५	
ग) सशर्त अनुदान	३१८९६६४२७.००		ख) गरिबसँग विशेश्वर कार्यक्रम	००	
घ) समपुरक अनुदान	०.००		ग) स्वास्थ्य	१२३००००.००	

			क्षेत्र सुधार कार्यक्रम		
ङ) विशेष अनुदान	२५४९६८५०.००		**४ अन्तर सरकारी अख्तियारी (प्रदेश)**	००	
च) रोयल्टी	००		**५ ऋण फिर्ता(साँवा)**	००	
छ) अन्य	००		**६ ऋणको ब्याज भुक्तानी**	००	
३.वित्तीय हस्तान्तरण (प्रदेश)	२३९६३७८३.६३		**७ धरौटी फिर्ता तथा सदर स्याहा**	५५०६९१०.००	५५०६९१०.००
क) समानीकरण अनुदान	१०४३००००.००		**८ कार्यसञ्चालन कोष खर्च**	३१४३८१८.००	३१४३८१८.००
ख) राजस्व बाँडफाँट	८५३३७८३.६३		**१ विविध खर्च खाता**	३१४३८१८.००	
ग) सशर्त अनुदान	००		**९ अन्य कोषबाट भएको खर्च**	००	००
घ) समपुरक अनुदान	३००००००.००		**१० गैरसरकारी संस्थाबाट सञ्चालित योजना**	००	००
ङ) विशेष अनुदान	२००००००.००		**११ अन्य सहयोगमा सञ्चालित योजना**	००	००
च) रोयल्टी	००		**१२ अन्य खर्च भएमा**	००	००
छ) अन्य	००		**१३ अनुदान फिर्ता**	६२२६३१४३.००	६२२६३१४३.००
४.अन्तर सरकारी अख्तियारी संघ)	१२४६११९०६.०५		१. संघ तर्फ	६१९०१७२५.००	
क) सामाजिक सुरक्षा	१२३३८११०६.०५		क) सशर्त अनुदान	५५१२८६७७.००	
ख) गरिबसँग विशेश्वर कार्यक्रम	००		ख) विशेष अनुदान	६७७३०४८.००	
ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१२३००००.००		ग) समपुरक अनुदान	००	

५.अन्तरसरकारीअख्तियारी (प्रदेश)	००		२. प्रदेश तर्फ	३६१४१८.००	
६. ऋण/ वित्तीय व्यवस्था	००		क) सशर्त अनुदान	००	
७. धरौटी आय	४४९६९९६.००		ख) विशेष अनुदान	११७०८१.००	
८. कार्यसञ्चालन कोष आय	३४४५३१७.८३		ग) समपुरक अनुदान	२४४३३७.००	
क विविध खर्च खाता	३४४५३१७.८३		**१४ अन्तिम मौज्दात**	५५४६३५९८.५६	५५४६३५९८.५६
९. अन्य कोषको आय	५५००००.००		**क. संचित कोष**	३०६९२९२२.५८	
क विविध कोष खाता	५५००००.००		**1 संचित कोष खाता**	११९८०८६७.६३	
ख प्रकोप व्यवस्थापन कोष			२ चालु खर्च खाता	-१३७५११.४०	
१० गैरसरकारी संस्थाबाट सञ्चालित योजना	००		३ पुजिगत खर्च खाता	३०१८६६५.५०	
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना	००		४ आन्तरिक आय खाता	६३२२४५.४०	
१2. अन्य आय भएमा	२१०००००.००		५ वाडफाड बाट प्राप्त खाता	१०२८३००५.६५	
क) जि.स.स लमजुङ्	२१०००००.००		६ आन्तरिक अनुदान	२१०००००.००	
			७ विभाज्य कोष खाता	२८१५६४९.८०	
			ख. धरौटी खाता	२०९७८१८८.५८	
			ग .कार्यसञ्चालन कोष	१६९५६०२.४०	
			क विविध खर्च खाता	१६९५६०२.४०	
			घ . अन्यकोष	२०९६८८५.००	
			क विविध कोष खाता	१९५२२६८.००	
			ख प्रकोप व्यवस्थापन कोष	१४४६१७.००	

			दायित्व हिसाव (दाखिला भौचर दोहोरिएको)	३८७८.५५	३८७८.५५
जम्मा		७३२४०१९५३.११	**जम्मा**		७३२४०१९५३.११

३ प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसूचिमा संलग्न छ ।

३.१ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१२३३८११०६.०५ र स्वास्थ्य सुधार क्षेत्रको रु.१२३०००००.०० समेत रु.१२४५९६१०६.०५ सुत्रमा अद्यावधिक गरेको छैन । साथै प्राप्ति र भुक्तानीको एकीकृत विवरणमा धरौटी र कोषहरुको चालु वर्षको कारोवार पूर्णरुपमा नदेखाई आम्दानी र खर्चको फरक रकम मात्र उल्लेख गर्ने गरेको देखियो । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणले पालिकाको सबै कारोवारलाई समेट्न सकेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्रमा सहि तरिकाले अद्यावधिक गरी वित्तीय विवरणलाई यथार्थपरक बनाउनुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३.२ **फरक जिम्मेवारी :**

✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **५,७०३,५६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३.३ **कट्टी कर भुक्तानी गर्न बाँकी** - पालिकाको प्राप्ती र भुक्तानीको एकीकृत विवरण (२७०-१) अनुसार कट्टी कर भुक्तानी गर्न बाँकीमा रु.२२२२२७।२० रहेकोमा पालिकाले सोको हिसाब मिलान विवरण तयार गरेको छैन । कर दाखिलाको भौचर प्रणालीमा दोहोरो सिर्जना भएकोले उक्त रकम बाँकी देखिएको पालिकाले छलफलका क्रममा उल्लेख गरेको छ। पालिकाले दाखिला गर्न बाँकी कर एवं दाखिला भएको कर यकिन गरी सोको हिसाब मिलान गरेको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	२,२२,२२७

४ फरक हिसाबः

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ७१०५८७१.०३, यस वर्षको प्राप्ति रु.१९११३३२९१.८२, यस वर्षको भुक्तानी रु.१९५५२४९७७.०५ र मौज्दात रु.२१००००० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु अध्यावधिक गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	५६२१९७८०.९८	४७७९४३००९.२८	४८१४०९४९८.९५	५३३६७४७७.११
एकीकृत वित्तीय विवरणअनुसार	६३३२५६५२.०१	६६९०७६३०१.१०	६७६९३४४७६	५५४६७४७७.११
फरक	७१०५८७१.०३	१९११३३२९१.८२	१९५५२४९७७.०५	२१०००००

५ **मौज्दात विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । साथै पालिकाले वर्षान्तमा स्थानीय सञ्चित कोष, धरौटी कोष र अन्य कोष बाहेकका खातामा खर्च नभई बाँकी रहेको रकम सम्बन्धित सञ्चितकोषमा फिर्ता दाखिला गरी उक्त खाताहरु शून्यान्तर गर्नुपर्नेमा नगरेको एवं बैङ्क खातावाइजको बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा श्रेस्ताअनुसार र बैङ्क स्टेटमेन्ट अनुसार रु.७९८३६१२.०० फरक परेको देखिन्छ ।पालिकाले वर्षान्तमा बाँकी रहेको रकम सम्बन्धित सञ्चितकोषमा फिर्ता गर्नुका साथै बैङ्क हिसाब मिलान विवरण तयार गरी श्रेस्ता र बैङ्कबिच फरक परेको रकम सम्बन्धमा यकिन गर्नुपर्दछ ।

खाताको प्रकार	श्रेस्ता अनुसार बाँकी रु	बैङ्क अनुसार बाँकी रु	फरक
आन्तरिक राजस्व खाता	६३२२४५.४	६,३२,२४५.४०	०
बाँडफाँडबाट प्राप्त राजस्व खाता	१०२८३००५.६५	१०२८३००५.६५	०
आन्तरिक अनुदान खाता	०	२१०००००.	२१०००००
स्थानीय तह विभाज्य कोष खाता	२८१५६४९.८	२८१५६४९.८	०
स्थानीय तह सञ्चित कोष खाता	११९८०८६७.६३	११९८०८६७.६३	०
स्धानीय तह धरौटी खाता	२०९७८१८८.५८	२०९७८१८८.५८	०
चालू खर्च खाता- जोर वर्ष	-१३७५११.४	३४४९३७९.८	३५८६८९१.२
पुँजीगत खर्च खाता- जोर वर्ष	३०२२५४४.०५	४९४३७२१.०५	१९२११४४
विविध खर्च खाता	१६९५६०२.४	२०७११७९.४०	३७५५७७
स्थानीय तह विविध कोष खाता	१९५२२६८.	१९५२२६८.	०
स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	१४४६१७.	१४४६१७.	०
	५३३६७४७७.१	६१३५११२२.३१	७९८३६४५.२१

६ **विभाज्य कोष**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **२,८१५,६४९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

७ **रकम ट्रान्सफर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ मा एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा पालिकाले स्थानीय सञ्चित कोषमा ट्रान्सफर गर्नुपर्ने व्यवस्था छ । पालिकाको वित्तीय प्रतिवेदनको टिप्पणी ६.२ अनुसार पालिकाको आन्तरिक राजस्व खाता, बाँडफाँडबाट प्राप्त राजस्व खाता र पुँजीगत खर्च जोर खातामा वर्षान्तमा रु.१३९३७७९५

मौज्दात रहेकोमा पालिकाले सो रकम स्थानीय सञ्चित कोष खातामा ट्रान्सफर गरेको छैन । ऐनको व्यवस्थानुसार वर्षान्तमा बाँकी रहेको रकम स्थानीय सञ्चित कोष खातामा समयमै ट्रान्सफर गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।त्यसैगरी ग.२.२ चालु खर्च जोर खातामा रु.१३७५११.४ ऋणात्मक मौज्दात देखिन्छ । पालिकाले सो ऋणात्मक मौज्दातको बैङ्क हिसाब मिलान गर्नुपर्दछ ।

८ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम अनुदान ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ८ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण साधनको सन्तुलित वितरणको खाका बजेटको कूल सीमा बजेटको क्षेत्रगत सीमा निर्धारण बजेट तथा कार्यक्रमको प्रथमिकिकरण विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै सो अनुसार आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकामा उक्त समितिको बैठक १ पटक मात्र बसी श्रोत अनुमान गरेको पाइयो । समितिले सिमा निर्धारण गरी वडामा पठाएको पाइएन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

९ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम बजेट तथा कार्यक्रम कार्यक्रमको प्राथमिकीकरण विषय क्षेत्रगत कार्यक्रम योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि समितिको बैठक बसी आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यक्रमको प्राथमिकीकरण कार्यक्रमबीच परिपूरकता कायम गरेको नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१० **बजेट पेश पारित र अख्तियारी**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाका उपप्रमुखले २०८१।०३।१० मा रू.५९ करोड ७० लाख १६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट २०८१।०३।२५ मा पारित भएको छ । त्यसैगरी नगर प्रमुखले २०८१।०३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

११ **क्षेत्रगत बजेट**

स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ । पालिकाको क्षेत्रगत रूपमा कुल बजेट रू.५९ करोड ९१ लाख १७ हजार रहेकोमा रू.४८ करोड १४ लाख ९ हजार अर्थात समग्रमा ८०.३५ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्चको स्थिति निम्नानुसार रहेको छ ।

रू. हजारमा

क्षेत्र/उपक्षेत्र	विनियोजन (संशोधनसहित)	खर्च	खर्च (प्रतिशत)
आर्थिक विकास	१८६६५	१२१७५	२.५३
सामाजिक विकास	३६२१३३	३००३३९	६२.३९
पूर्वाधार विकास	८६७२७	६२१७३	१२.९२
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	२२३८१	१७४२९	३.६२
कार्यालय सञ्चालन तथा प्रशासनिक	१०९२१०	८९२९२	१८.५४
जम्मा	५९९११७	४८१४०९	१००

उल्लिखित विवरणअनुसार नगरपालिकाले सामाजिक विकासमा ६२.३९प्रतिशत, कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा १८.५४ प्रतिशत, पूर्वाधार विकासमा १२.९२ प्रतिशत, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रका लागि ३.६२ प्रतिशत र आर्थिक विकासमा २.५३ प्रतिशत बजेट खर्च गरेको देखियो।कुल खर्चमध्ये सबैभन्दा बढी ६२.३९ प्रतिशत सामाजिक विकासमा र सबैभन्दा घटी आर्थिक विकासमा २.५३ प्रतिशत खर्च गरेको देखियो।प्रशासनिक खर्च नियन्त्रण गर्दै आर्थिक विकास एवं पूर्वाधार विकासका माध्यमबाट गरिबी निवारणमा योगदान हुने एवं सुशासन प्रवर्धन हुने क्षेत्रमा बजेट विनियोजनलाई केन्द्रीत गरी सो अनुसार खर्च हुने प्रबन्ध मिलाउनु पर्दछ।

१२ खर्च बिश्लेषण

पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु. १२१८५२०७।- राजस्व बाँडफाँट र अनुदानबाट रु.४६९२२४२९१।- समेत रु.४८१४०९४९८।- आम्दानी भएकोमा चालु तर्फ रु.३५४३१३६३९।- र पुँजीगत तर्फ रु. १२७०९५८५९।- समेत रु.४८१४०९४९८।- खर्च भएको छ । खर्चमध्ये आन्तरिक आयको हिस्सा २.५३ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१४४५४९२६।- खर्च भएको छ जुन आन्तरिक आयको ११८.६ प्रतिशत रहेको छ। नगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ७३.५९ प्रतिशत चालु र २६.४१ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गर्नुपर्दछ ।

१३ त्रैमासिक खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहायबमोजिम रहेको छ ।

रकम रु. हजारमा

बजेट उपशिर्षक	विनियोजित बजेट	कुल पुँजीगतखर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
			प्रथम	दोस्रो	तेस्रो	चौंथो	
पुँजीगत तर्फ	१८१७४७	१२७०९६	२१४२४	७८००	२७२२७	७०६४४	४३५६४
खर्च प्रतिशत		**६९.९३**	**१६.८५**	**६.१३**	**२१.४२**	**५५.५८**	**३४.२७**

नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार पुँजीगततर्फ रु.१८ करोड १७ लाख ४७ हजार बजेट विनियोजन भएकोमा रु.१२ करोड ७० लाख ९६ हजार (६९.९३ प्रतिशत) खर्च भएको छ। कुल खर्चमध्ये प्रथम त्रैमासिकमा १६.८५ प्रतिशत, दोस्रो त्रैमासिकमा ६.१३ प्रतिशत, तेस्रो त्रैमासिकमा २१.४२ प्रतिशत र चौथो त्रैमासिकमा ५५.५८ प्रतिशत खर्च गरेको देखियो। उक्त खर्चमध्ये आषाढ महिनामा ३४.२७ प्रतिशत खर्च देखिनुले आषाढमा खर्चको चाप बढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी योजना तथा कार्यक्रम कार्यान्वियन गर्नुपर्दछ ।

१४ लक्ष्य प्रगति

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ उपनियम १ अनुसार बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक निकायले अनुसुची २ बमोजिमको ढाँचामा त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष सञ्चालित वार्षिक कार्यक्रमको निर्धारित ढाँचाअनुरुपको प्रगति विवरण तयार गर्ने गरेको छैन। नियमावलीमा उल्लिखित व्यवस्थानुसार तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गर्नुपर्दछ ।

१५ नीति तथा कार्यक्रमको कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(६) मा नगरपालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्यिन तालिका र अनुगमन मूल्याङ्कन योजना समेत तयार गर्नुपर्ने तथा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाको नीति तथा कार्यक्रम २०८१।८२ मा पालिका अन्तर्गत निर्माणाधिन हाइड्रोपावर कम्पनीलाई करको दायरामा ल्याउने, सहकारी संस्थाको दर्ता, अनुमति, नियमन र व्यवस्थापनलाई प्रभावकारी बनाउदै क्षमता अभिवृद्धि गरी संस्थाको प्रवर्धन, नियन्त्रण र अनुगमन कार्यलाई व्यवस्थित गर्ने, पूर्वाधार निर्माण कार्यलाई व्यवस्थित गर्न मर्मत सम्भार कोष स्थापना गर्ने, कृषकहरुलाई उनीहरुको लगानी र उत्पादनका आधारमा निश्चित मापदण्ड बनाई अनुदान दिने, पालिकाबाट घरजग्गा नक्सापास कार्यविधि बनाई कार्यान्वियन गर्ने, टुक्रे योजना तथा कार्यक्रम पूर्ण रुपमा निरुत्साहित गर्ने लगायतका विषय उल्लेख भएकोमा कार्यान्वियन भएको देखिएन । नीति तथा कार्यक्रममा उल्लिखित विषयहरुलाई बजेटमा समावेश गरी प्राथमिकताका साथ कार्यान्वियन गर्नुपर्दछ ।

१६ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिनाभित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।पालिकामा आन्तरिक लेखापरीक्षक नभएका कारण यस वर्ष गरेको आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण गराएको छैन। कानुनमा तोकिएबमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

१७ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

बजेट व्यवस्थापनतर्फ

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको,
- नगरपालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति विवरण तयार नगरेको,
- नगरपालिकाले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजना बैङ्क नराखेको,
- नगरपालिकाले आयोजना वा कार्यक्रम छनोट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिने नगरेको,

खरिद व्यवस्थापनतर्फ

- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष पालिकाबाट कार्यसम्पन्न भएका योजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,
- नगरपालिकाले उपभोक्ता समिति मार्फत निर्माण कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,

- पालिकाले योजना अनुगमन प्रतिवेदनमा योजना अनुगमनका क्रममा देखिएका बेहोरा पूर्णरुपमा खुलाई प्रतिवेदन पेश गर्ने एवं सो अनुसारको सुधार कार्य गराउने नगरेको

शिक्षातर्फ

- स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,
- कार्यक्रम कार्यान्वयन पुस्तिकामा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गरी शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन पूर्ण रूपमा नभएको,
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरू तयार नगरेको,
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको तथ्याङ्क शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अद्यावधिक नगरेको,

विविध तर्फ

- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक बडापत्रमा उल्लिखित सेवाको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको,
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेस्की तथा बेरूजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फर्स्यौट तथा सम्परीक्षण कार्य नगरेको

अतः आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

१८ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन।आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१९ **स्थानीय तथ्याङ्क अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन अभिलेखाङ्कन र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक भौगोलिक अवस्था प्राकृतिक स्रोत अन्तर्गत खानी जङ्गल तथा अन्य स्रोत पूर्वाधार अन्तर्गत सडक पुल खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति कानून र सोको मापदण्ड बनाएको एवं स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेखाङ्कन गर्नुपर्दछ ।

२० **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नुपर्दछ। पालिकाले कार्यविधि तयार नगरी विभिन्न ७७ संघसंस्था र व्यक्तिलाई रु.७९९११०।- आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.१२१८५२०७।- को ६.५५ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्डबेगर आर्थिक सहायता वितरण गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

२१ कार्य सञ्चालन तथा अन्य कोष

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम सञ्चालन गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्ने उल्लेख गरेपनि पालिकाले यो वर्ष देहायबमोजिमका कोष सञ्चालन गरी रु.३७ लाख ९२ हजार मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गर्दा खर्चमा दोहोरापना आउने एवं मितव्ययीता कायम नहुने हुँदा अत्यावश्यक बाहेकमा कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

कोषको नाम	सुरु मौज्दात	यो वर्षको आम्दानी	यो वर्षको खर्च	बाँकी
विविध खर्च खाता	४८३९४२०.४	०	३१४३८१८.	१६९५६०२.४
स्थानीय तह विविध कोष खाता	०	१९५२२६८.	०	१९५२२६८.
स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	१४४६१७.	०	०	१४४६१७.
	४९८४०३७.४०	१९५२२६८	३१४३८१८.	३७९२४८७.४०

२२ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
२८२५६१५५२	१२१८५२०७	४.३१

उल्लेखित विवरण अनुसार स्थानीय तहमा प्राप्त संघीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको ४.३१ हिस्सा प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२३ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
सम्पत्ति कर	७७००००	६८९४३२	८९.५४
भुमिकर/मालपोत कर	२२०००००	२९६६५०९	१३४.८४
बहाल कर	४४००००	७३१५९५	१६६
अन्य मनोरञ्जन कर	५५०००	०	०
अखेटोपहारामा लाग्ने कर	११००००	०	०
सरकारी सम्पत्तिको बिक्रिबाट प्राप्त कर	५५०००	३८६४६०	७०२.६५
नक्सापास दस्तुर	५३००००	३५६४४५	६७.२५
अन्य सेवा शुल्क तथा बिक्रि	११०००००	२५४२४६	२३.११
सिफारिस दस्तुर	१६५००००	११३०३००	६८.५
व्यवसाय कर	१५५००००	२२०६७५	१४.२४
वहाल विरौटी शुल्क	५५०००	०	०
नाता प्रमाणित	५५०००	८५६८००	१५५.७८
अन्य दस्तुर	५५०००	१११६१६७	२०२.९४
अन्य राजश्व	४०५००००	१३६०२८३	३३.५९

उल्लिखित विवरणबाट नगरपालिकाले आय प्रक्षेपण अनुसार आय प्राप्त गरेको नदेखिएको एवं अनुमान नगरेका आम्दानी शिर्षकमा समेत आम्दानी भएको अवस्था विद्यमान रहेकोले आय अनुमान र प्राप्ती यथार्थपरक देखिएन। साथै, पालिकाभित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको र करदाताले नगरपालिकामा कर, दस्तुर, शुल्क बुझाउन ल्याएको अवस्थामा मात्र कर, दस्तुर, शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था छैन।तसर्थ आय अनुमानलाई यथार्थपरक बनाउदै आफ्नो कार्यक्षेत्रभित्रका करदाताहरुको अभिलेख अद्यावधिक गरी पालिकाको आर्थिक ऐनअनुसार करदाताहरुलाई करको दायारामा ल्याउनु पर्दछ।

२४ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा यो वर्ष आन्तरिक आय रु.१ करोड ७१ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा रू.१ करोड २१ लाख ८५ हजार अर्थात अनुमान भन्दा २९ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई पालिकाको आम्दानी बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२५ **पुँजिगत खर्चको अवस्थाः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पुँजीगत शिर्षकबाट रु.१२ करोड ७० लाख ९६ हजार खर्च गरेकोमा रु.७ करोड ९९ लाख ५५ हजार अर्थात ६२.९ प्रतिशत बोलपत्रमार्फत खरिद गरी खर्च गरेको छ। कुल खर्चमध्ये सोझै रु.९६ लाख ८६ हजार र उपभोक्ता समितिबाट रु.३ करोड ७४ लाख ५५ हजारको खरिद कार्य गरेको छ। सोझै तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

२६ **कानुन निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४२ नमुना कानुन बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २६ वटा ऐन ६ नियमावली ४४ विभिन्न कार्यविधि ,निर्देशिका र मापदण्ड निर्माण गरी स्वीकृत गरेका कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन गरेको छ ।

२७ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ ।पालिकाको न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ र यो वर्ष थप भएको ७ समेत कुल ९ विवाद दर्ता भएकोमा ८ विवाद फर्स्यौट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई प्रभावकारी बनाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२८ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४) एवं सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को बुँदा नं ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गतेभित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ।पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ५० वटा सहकारी संस्था रहेकोमा सबै सहकारी एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा आवद्ध भएको देखियो । नगरपालिकाले प्रणालीमा आवद्ध सहकारीको अभिलेख अद्यावधिक स्थिति एवं सञ्चालन अवस्था सम्बन्धी अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा सहकारीको सञ्चालन अवस्थाबारे विष्लेषण गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण अद्यावधिक गर्न लगाई सोको सञ्चालन अवस्थाको प्रभावकारी अनुगमन एवं प्रतिवेदन गर्नुपर्दछ ।

२९ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागु गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरूमा गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन समावेशी विकास दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकासका सम्बन्धमा उल्लेख छ । सोही अनुसार प्राथमिकता निर्धारण गरी योजना छनौट गर्नुपर्नेमा पालिकाले यो वर्ष निम्नानुसार १० वडाको लागि वडागत र पालिकास्तरका कुल १३८ योजनामा बजेट विनियोजन गरेको देखियो ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
१.	पालिकास्तरीय	५५	१२	१४	२९
२.	वडास्तरीय	८३	०	१०	७३

उल्लिखित विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजना सञ्चालन गरेको देखिन्छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १३६ योजना कार्यान्वियन भई २ योजना कार्यान्वियन हुन सकेको देखिएन। साथै टुक्रे तथा साना योजना अधिक हुँदा प्रशासनिक खर्च वृद्धि हुने, प्रतिफल नदेखिने, अनुगमन कमजोर भई गुणस्तरमा असर पर्न सक्ने र लागत बढ्ने हुँदा पालिकाले वस्तुनिष्ठ तवरले योजना प्राथमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

३० आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन ।आवधिक योजना तयार नगरेका कारण वार्षिक बजेट

तथा कार्यक्रम तयार गर्दा दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ।स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमाका साथै सो योजनामा उल्लिखित विषयहरुलाई प्राथमिकिकरण गरी कार्यान्वयन गर्नुपर्दछ ।

३१ **खरिद योजना**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ मा वार्षिक रु.१० करोडभन्दा बढीको खरिद एवं बहुवर्षीय योजना कार्यान्वयन गर्दा खरिद गुरूयोजना तयार गर्नुपर्ने साथै नियम ८ अनुसार वार्षिक रु.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष बहुवर्षीय योजना समेतमा रू.१२७०९५८५९।- पुँजीगत खर्च/खरिद कार्य गरेकोमा सबै योजना समेटिने गरी वार्षिक खरिद योजना एवं खरिद गुरूयोजना तयार गरेको छैन। पालिकाले तोकिएबमोजिम वार्षिक खरिद योजना एवं खरिद गुरूयोजना बनाई खरिद कार्य प्रभावकारी तवरले व्यवस्थित गर्नुपर्दछ ।

३२ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन, २०४९ स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्यतर्फ रू.१९१३४९८६।- र पालिकातर्फ रू.२५३५९३५२।- समेत रू.४४४९४३३८।- खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराई सो अनुसार तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

३३ **जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ ।साथै उपदफा ४ मा कर्मचारीको दरवन्दीको प्रस्ताव तयार गर्दा स्थायी कर्मचारीको लागि चाहिने तलव, भत्ता, सन्चयकोष कट्टी रकम, योगदानमा आधारित उपदान वा निवृत्तिभरण, औषधीउपचार, बिदा जस्ता सेवा सुबिधाको लागि लाग्ने खर्च व्यहोर्ने श्रोत समेतको बिष्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरवन्दी स्वीकृत गर्नुपर्ने प्रावधान रहेको छ । यस पालिकाको बिगत बर्षमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विभिन्न पदमा १५१ जनाको दरवन्दी स्वीकृत गरेकोमा ८४ पदपूर्ति भई ६७ पद रिक्त रहेको देखियो।पालिकाले कार्यबोझका कारण ६६ जना कर्मचारी (दरवन्दी भित्रको) करार र १२ जना कर्मचारी (दरवन्दी बाहिरको) राखि सेवा सञ्चालन गरेको छ।साथै पालिकाले स्वीकृत दरवन्दी बेगर स्वास्थ्य सेवातर्फ सहायक चौथो तहका १२ जना कर्मचारी करारमा राखी रु.३४५४७१०।- भुक्तानी गरेको देखियो। दरवन्दी स्वीकृति बेगर करारमा कर्मचारी नियुक्ति गरी तलब भत्ता भुक्तानी गरेको अनियमित देखिएको रु.

अनियमित भएको	३४,५४,७१०

३४ **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद १० मा तोकिएको ढाँचामा जिन्सी मालसामान आम्दानी र खर्चको अभिलेख राख्नुपर्ने व्यवस्था बमोजिम म.ले.प.फा.न.४०७ र ४०८ को व्यवस्था गरिएको छ। कार्यालयले विभिन्न मितिमा आवश्यक पर्ने मसलन्द तथा कार्यालय सामान खरिद तथा दाखिला गरी भुक्तानी गरेकोमा वास्तविक कारोवार समय अनुसार सम्बन्धित कर्मचारीहरुको माग फारमको आधारमा जिन्सी सामानहरुको खर्च निकासा गर्नुपर्नेमा सो नगरी एकैपटक कार्यालयले सामानको एकमुष्ट निकासा घटाई मौज्दात शुन्य पारेको छ। अत: कार्यालयले वास्तविक कारोवार समय अनुसार सामान निकासा गर्ने व्यवस्था मिलाई जिन्सी अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

३५ **सेवा प्रवाह**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था छ । पालिकाले यस वर्ष प्रवाह गरेको सेवाको विवरण निम्नानुसार छ ।

क्र.स	विवरण	संख्या
१	नागरिकता सिफरिस	६२६
२	घरबाटो सिफारिस	२४८
३	नाता प्रमाणित	६२६
४	जन्म दर्ता	३८९
५	मृत्यु दर्ता	१७०
६	घरनक्सा पासको निवेदन	१०
७	अन्य	७५६७
जम्मा		९६३६

पालिकाको मूख्य उद्धेश्य सेवाग्राहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो । पालिकाबाट प्रवाह हुने सेवालाई थप सरल, सहज, मितव्ययी, गुणस्तरीय र प्रभावकारी बनाई अन्य क्षेत्रमा पनि सेवा प्रवाह अभिवृद्धि गरी सोको अभिलेखीकरण समेत गर्नुपर्दछ।

३६ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कुल गर्नुपर्ने कार्य, हालसम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेस्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन लगायतको जानकारी हुन्छ। तर पालिकाले तोकिएको ढाँचाअनुरुप सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख नराखेकोले पालिकामा विद्यमान सम्पूर्ण ठेक्काको वास्तविक अवस्था विष्लेषण गर्न सकिएन । पालिकाले स्वीकृत ढाँचा अनुसारका सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

३७ डी.एल.पी.अभिलेख

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सोही नियमको उपनियम २ मा त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग, डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ।त्यस्तै उपनियम ४(१) मा निर्माण भए बमोजिमको नक्सा र उपनियम (३) बमोजिम कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्‍याउनको लागि निर्माण सम्पन्न भई त्रुटी सच्चाउने अवधिमा रहेका ठेक्काको अभिलेख राखी नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीबाट जाँचबुझ गराउनु पर्नेमा त्रुटी सच्चाउने अवधिमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन। यस्तो अवस्थामा त्रुटि सच्चाउने अवधि समाप्त भएका ठेक्काको नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा यकिन हुन सक्ने अवस्था रहेन।अतः सोको अद्यावधिक अभिलेख राख्ने कार्यतर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ।

३८ कन्टीन्जेन्सी खर्चको अभिलेख

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसुची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ। पालिकाले ४ प्रतिशत कन्टीन्जेन्सी खर्च गर्ने मान्यता राखी योजनाको लागत अनुमान एवं खर्च गर्दै आएकोमा यस वर्ष गरेको कन्टिन्जेन्सी खर्चको योजनागत अभिलेख राखेको छैन। जसले गर्दा पालिकाले गरेको कन्टिन्जेन्सी खर्च सार्वजनिक खरिद

नियमावलीमा तोकिएबमोजिम भयो भनी यकिन गर्न सक्ने अवस्था छैन। पालिकाले योजनागत कन्टिन्जेन्सी खर्चको विवरण खुल्ने गरी अभिलेख राखी सो खर्चलाई व्यवस्थित एवं मितव्ययी बनाउनु पर्दछ ।

३९ योजना हस्तान्तरण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) मा उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष सञ्चालन गरी कार्य सम्पन्न गरेका योजनाहरु सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन । निर्मित संरचनाहरुको दीर्घकालीन उपयोग गर्न एवं उपभोक्ता स्वयमलाई जिम्मेवार बनाउने गरी निर्मित संरचना हस्तान्तरण गरी अभिलेख राख्नु पर्दछ ।

४० प्राविधिक बिल र कार्य सम्पन्न

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाबाट सञ्चालित योजनाको ठेक्का बिलहरु एवं प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने विवरण खुलाएको देखिएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले ठेक्का/ उपभोक्ता समितिबाट सम्पादित कार्यको बिल बनाउँदा वास्तविक कार्यसम्पादनमा आधारित रही इन्जिनियरिङ्ग नर्म्स अनुसारका सबै विवरण खुलाउनुपर्दछ।

४१ पेस्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेस्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेस्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ ।साथै सोही नियमावलीको नियम ५२ मा पेस्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार पदाधिकारी/कर्मचारी, फर्म तथा निर्माण व्यवसायीलाई दिएको पेस्की गत वर्षको रु.७१९४४४०।५० र यस वर्षको रु.२२३२०००।- समेत रु.९४२६४४०।५० आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई बाँकी रहेको देखिन्छ। गत विगतको पेस्की बाँकीको एकिकृत अभिलेख व्यवस्थित गरी फर्स्यौट हुन बाँकी पेस्की सम्झौताका शर्त एवं प्रचलित नियमानुसार असुल फर्स्यौट गर्नुपर्दछ।

ठेक्का नं/ भौचर नं	विवरण	गत वर्षको पेस्की	चालु वर्षको पेस्की	जम्मा पेस्की बाँकी
१४९-०८१।४।१	नगर प्रमुख खड्ग बहादुर गुरुङ विविध कार्यक्रम र विविध खर्च	४५००००।-		४५००००
१४९-०८१।४।१	रोजगार संयोजक कुमार गुरुङ सामाजिक सुरक्षा तथा दुर्घटना उपचार सहायता	१९६२०१। ५०		१९६२०१.५०
७२२-०८२।३।२५	सहायक पाँचौ बिर बहादुर थिङ सञ्चार एवं पानी तथा बिजुली		६००००।-	६००००
३३-०८१।०४।०१	घडेरीदेवी कृषि सहकारी संस्था उद्यमशीलता प्रोत्साहन तथा प्रविधि हस्तान्तरण	१२५०००।-		१२५०००
३३-०८१।०४।०१	घडेरीदेवी कृषि सहकारी संस्था दुनाटपरी सिपमूलक तालिम	२५००००।-		२५००००
३३-०८१।०४।०१	मार्गदर्शन बहुउद्देश्यीय सहकारी संस्था उद्मशीलता प्रोत्साहन बीउपूँजी	१७३०००।-		१७३०००
३३-०८१।०४।०१	शैलीपुत्री नमूना मा वि शैक्षिक गुणस्तर सूदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन	२७३७३९।-		२७३७३९
३३-०८१।०४।०१	शैलीपुत्री नमूना मा वि भौतिक पूर्वाधार निर्मा अनुदान	३०२६०००।-		३०२६०००
१४९-०८१।०४।०१	अल नेपाल रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर प्रा. लिसेवा परामर्श	१५००००।-		१५००००
१४९-०८१।०४।०१	शेखरनाथ न्यौपाने कार्यक्रम खर्च	१६७२०००।-		१६७२०००
२१४-२०८२।३।२२	गैर आवासिय भवन निर्माण भक्ति कन्सट्रक्सन	८७८५००।-		८७८५००
८४-२०८२।१।२१ (६-८१।८२)	टिमुरे बोराङखोला सडक निर्माण		११७२०००।-	११७२०००
१३-२०८१।१२।२२ (२-८१।८२)	सौभाग्योदय मा वि छात्राबास भवन (बानीया कन्स्ट्रक्सन)		१००००००।-	१००००००
	जम्मा	**७१९४४४०। ५०**	**२२३२०००।-**	**९४२६४४०.५०**

४२ **म्याद नाघेको पेश्की**

पालिकाले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार गो भौ नं ७२२-०८२।३।२५ बाट सहायक पाँचौ बिर बहादुर थिङलाई उपलब्ध गराएको सञ्चारबापतको रु.३०००० एवं पानी तथा बिजुली बापतको रु.३०००० समेत रु.६००००।- वर्षान्तसम्म फर्स्यौट गरेको नदेखिएकोले म्याद नाघेको उक्त पेश्की रकम नियमानुसार असुल फर्स्यौट हुनुपर्ने रु.

पेश्की	६०,०००

४३ **वितरणमुखी कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल वा उत्पादनमा बढावा दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । नमुनाका आधारमा परीक्षण गर्दा पालिकाले विभिन्न शिर्षकबाट देहायअनुसारका संस्था तथा समुहलाई रकम भुक्तानी दिएको देखियो। कार्यविधिवेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई उच्चतम प्रतिफल प्राप्त हुने देखिदैन । यस प्रकारका वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।

भुक्तानी पाउने	प्रयोजन	रकम
लिगलिगकोट विकास अभियान	कार्यक्रम सञ्चालन	५००००
पाचभाई पञ्चेवाजा समुह	बाजा खरिद	७२०००
लमजुङ्ग उधोग वाणिज्य संघ(२वटा)	महोत्सव सञ्चालन	७५०००
ईन्द्रेणी सांस्कृतिक विकास केन्द्र र शिवशंकर युवा क्लव	सास्कृतिक कार्यक्रमसञ्चालन	५०००००
आईकम नेपाल	आर्थिक सहयोग	२०००००
तमु एकता युवा क्लव	साँस्कृतिक कार्यक्रम सञ्चालन	१०००००

४४ **मूल्य अभिवृद्धि करमा दर्ता नभएकासँग कारोवार**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार सार्वजनिक निकायले कुनै खरिद वा सेवा लिदा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका फर्म वा संस्थाबाट गर्नुपर्दछ।पालिकाले देहायबमोजिमका स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त नगरेका फर्म वा संस्थाबाट रु. ३१४७०० खरिद गरेको देखिन्छ । पालिकाले नियमावलीको व्यवस्था विपरित मूल्य अभिवृद्धि करमा दर्ता नभएकासँग खरिद कार्य गरेको नियमसम्मत नदेखिएको रु.

भौचर नं /मिति	विवरण	रकम
३५७-२०८१।१२।३०	हित कुमार श्रेष्ठ र धनराज गुरुङ (फोहोरमैला व्यवस्थापन)	१३६०००
२१३,२२७,६२२-२०८२।३।९	बोधराज पौडेल (बहस, पैरवी)	८८७००
२०८- २०८१।१२।२७	रेडियो मस्याङ्दी (सार्वजनिक सुनुवाई)	९००००
जम्मा		३१४७००

अनियमित भएको	३,१४,७००

४५ **शीर्षक फरक पारी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा कार्यपालिकाले सभाबाट स्वीकृत बजेट सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने व्यवस्था छ । त्यसैगरी अर्थ मन्त्रालयको एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४ मा तोकिएको खर्च शीर्षकको वर्गीकरण र ब्याख्या अनुसार खर्च लेख्नुपर्ने व्यवस्था छ। पालिकाले ऐन तथा एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या विपरित एउटा शीर्षकमा विनियोजित रकम अर्को शीर्षकमा खर्च गर्ने गरेको देखियो। अत: पालिकाले यो वर्ष निम्नानुसार फरक शीर्षकमा खर्च गरेको अनियमित देखिएको रू.

भौ न मिति	खर्च गर्नुपर्ने शीर्षक	खर्च गरेको शीर्षक (कार्य)	रकम
६६२-२०८२।३।२०	शिर्षक ३११२३ फर्निचर तथा फिक्चर्स	कार्यक्रम खर्च शीर्षक २२५२२ बाट फर्निचर खरिद	२८२५००
४६३-०८२।२।१८	निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्च २२२३१	कार्यक्रम खर्च शीर्षक २२५२२ बाट भवन मर्मत	३८०८४
५००-०८२।३।७	निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्च २२२३१	कार्यक्रम खर्च शीर्षक २२५२२ बाट बाटो मर्मत	११०१००
३५२-०८१।१२।२६	कार्यक्रम खर्च शीर्षक २२५२२ बाट	विविध शीर्षक २२७११ बाट विद्यालयमा कार्यक्रम सञ्चालन	१०००००
१५८-२०८१।९।९	भ्रमण खर्च २२६१२ बाट	शीर्षक २७२१३ औषधी खरिदबाट कर्मचारी भ्रमण	४०१५०
१६०-०८१।९।९	भ्रमण खर्च २२६१२ बाट	शीर्षक २७२१३ औषधी खरिदबाट कर्मचारी भ्रमण	१४८५०
जम्मा			५८५६८४

अनियमित भएको	५,८५,६८४

४६ **नर्म्स भन्दा बढी भुक्तानी** (174-2081-09-26):

गण्डकी प्रदेश खर्चको मापदण्ड २०७९ अनुसुची १ अनुसार गोष्ठी सेमिनार कार्यशालाको प्रशिक्षकलाई पारिश्रमिक भुक्तानी गर्दा कक्षा सञ्चालन बापत रु.८००।- र कार्यपत्र बापत रु.१०००।- भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले शैक्षिक गुणस्तर सुधारमा प्रधानअध्यापकको भुमिका विषयक १ दिने कार्यशालामा नेपाल निवृत्त शिक्षक समाज लमजुङ्गका अध्यक्ष श्री खुशिराम डोलियालाई २ सेसनको कार्यपत्र र प्रस्तुती बापत रु.१८००।- का दरले २ वटा सेसनको रु.३६००।- भुक्तानी गर्नुपर्नेमा ७०००।- भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी भएको रु.३४००।- असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	३,४००

४७ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको र कार्यक्रमलाई व्यबस्थित रुपमा सञ्चालनको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को व्यवस्था गरेको छ । पालिकाले यो वर्ष १० वडामा ११ योजना सञ्चालन गरी सूचीकृत ५२१ मध्ये ६१ जनालाई औषतमा ९६.७५ दिनको रोजगारी उपलब्ध गराई नेपाल सरकार र आईडिएबाट रु.४०७२६०६।- श्रमिक ज्यालाबापत खर्च लेखेको छ । योजना छनौट गर्दा योजना छनौटका आधार नखुलाएको कारण पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । दोहोरो नहुने गरी योजना छनौट एवं कार्यान्वियन गर्नुपर्दछ ।साथै उक्त कार्यक्रमबाट लक्षित वर्गमा अल्पकालिन रोजगारी सिर्जना भएता पनि कामको दिगोपना तथा दिर्घकालिन रोजगारी सिर्जना हुन सकेको देखिदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

त्यसैगरी निर्देशिकाको बुँदा नं. २८ मा श्रमिकको रोजगार बापतको पारिश्रमिक भुक्तानी गर्दा बैङ्क खातामार्फत गर्नुपर्ने उल्लेख छ । पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम र पालिकाको साझेदारी अन्तर्गत राईनासकोट पार्क निर्माण कार्य गरेकोमा २१ श्रमिकको ज्यालाबापतको रु.१५१२५९४ सम्बन्धित श्रमिकको बैङ्क खातामा भुक्तानी नदिई राईनासकोट पार्क साझेदारी उपभोक्ता समितिको नाममा भुक्तानी गरेको कार्य निर्देशिका अनुकूल देखिएन । पालिकाले निर्देशिकाले तोकेबमोजिम रोजगार श्रमिकको ज्याला अनिवार्य रुपमा बैङ्क खातामा भुक्तानी दिने व्यवस्था मिलाउनु पर्दछ ।

४८ **लघुउद्यम कार्यक्रम**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुदा नं ३९ मा तालिमबाट उत्पादित सामानका वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु परल मुल्यको ५० प्रतिशत छुट मूल्यमा सहभागीलाई बिक्री गर्ने तथा यसरी बिक्री हुन नसकेमा सम्भव भएसम्म बिक्री वितरण तथा प्रसार प्रचारको लागि कोसेली घर तथा सौगात गृहमा पठाउने र पठाउदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र भण्डार शाखामा दाखिला गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष लघुउद्यम कार्यक्रम अन्तर्गत निम्नानुसार सीपमुलक कार्यक्रम सञ्चालन गरेको देखियो ।

क्र.स	तालिमको नाम	सहभागी संख्या	सञ्चालित दिन	खर्च रकम
१	साबुन बनाउने तालिम	१५	४	१३५४४३
२	माटोको भाडा बनाउने तालिम	३०	१५	४५१२८९
३	दुनाटपरी बनाउने तालिम	५०	२	१३५४४३

पालिकाले उल्लिखित तालिम सञ्चालन पश्चात के कति समान उत्पादन तथा बिक्री सोको अभिलेख राखेको देखिएन। पालिकाले सीपमुलक तालिमबाट उत्पादित सामानको निर्देशिकाले तोकेबमोजिम अभिलेखाङ्कन गर्नुपर्ने देखिन्छ।

सोहि निर्देशिकाको, बुदा नं २८ बमोजिम व्यावसायिक सीप विकास तालिम सञ्चालन गरी प्रशिक्षक खटाउदा प्राविधिक शिक्षा तथा व्यावसायीक तालिम परिषद (सीटीइभीटी) बाट मान्यता प्राप्त संस्थाबाट सम्बन्धित बिषयमा प्रशिक्षक हो भनि प्रमाणपत्र प्राप्त व्यक्ति राख्नुपर्ने व्यवस्था छ । पालिकाले लघु उद्यम सम्बन्धी सीपमूलक तालिम सञ्चालन गर्दा तालिममा सहभागी भएको प्रमाणका आधारमा प्रशिक्षकसँग सोझै सम्झौता गरी तालिम सञ्चालन गरेको देखिन्छ । यसरी प्रशिक्षक नियुक्ति गर्दा सम्बन्धित तालिमको विज्ञ हो भनी आश्वस्त हुनसक्ने आधार देखिएन ।पालिकाले सीपमूलक तालिम सञ्चालन गर्दा विषयविज्ञता हाँसिल भएको प्रशिक्षक छनौट गरी प्राविधिक शिक्षा तथा व्यावसायीक तालिम परिषदबाट स्वीकृत पाठ्यक्रममा आधारित सीपमूलक तालिम सञ्चालन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

४९ **कर बिजक**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले कुनै खरिद वा सेवा लिदा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका फर्म वा संस्थाबाट गर्नु पर्ने उल्लेख छ पालिकाको निम्न कारोबारको परीक्षण गर्दा देहायका फर्महरुलाई पान (स-साना २००००।-भन्दा तलका बिल राखी) रु. ७८६२००।- भुक्तानी गरेको देखियो। सार्वजनिक खरिद नियमावलीमा ब्यवस्था भए बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएको फर्मसंग खरिद गर्नुपर्नेमा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र नलिएका फर्मसँग कारोवार गरी भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

भौ.नं र मिति	फर्मको नाम	बिलको मिति	रकम	कैफियत
७९।०८१।७।१२	सुगम स्टेशनरी ४ थान बील	०८१।७।२देखि ०८१।७।१० सम्मका	७२७२५	
	रिजन होटल बिल थान ५	०८१।७।२देखि ०८१।७।१० सम्मका	५४७९५	
६३९।०८२।३।२०	डि एस व्याग सेन्टर बिल थान ३	०८२।३।१८	३६०००	
	विद्या बुक्स एण्ड स्टेशनरी बिल थान ३	०८२।३।१८	५७०००	
१८४।०८१।१०।३	भु पु गोर्खा सैनिक स्टेशनरी बिल थान ३	०८१।८।२२	४७१८०	पे फ राम कुमार नेपाली
	सिद्धी गणेश स्पोर्टस एण् स्टेशनरी बिल थान ३	०८१।९।१३	५८०००	
२८१।०८१।११।२२	जोशी डिजिटल फोटो बिल थान ४	०८१।९।२९ र २५	७६१५०	गौलिश्वर खेलकुद विकास समिती मार्फत
	सुगम स्टेशनरी बिल थान ४	०८१।९।२५	६५४५०	
	स्मार्ट लुक्स कस्मेटिक बिल थान १०	०८१।९।२५	१८२४००	
	रोयल फ्रेण्डसिप रेष्टुरेण्ट बिल थान ४	०८१।९।२५	७२०००	
	शरण अपसेट प्रेस बिल थान ४	०८१।९।२५	६५५००	
जम्मा			**७८६२००**	

अनियमित भएको	७,८६,२००

५० **स्वकिय सचिव**

गण्डकी प्रदेशले जारी गरेको गाँउसभा, नगरसभा र जिल्ला समन्वय समितिको सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ मा नगरपालिकाका प्रमुखले स्वकिय सचिव राख्नु परेमा पालिकाको आन्तरिक आयवाट खर्च व्यहोर्ने गरी राख्न पाउने व्यवस्था रहेको छ। पालिकाले संघीय राजश्व बाँडफाटबाट स्वकिय सचिव सविन गुरुङलाई सहायक चौथोको रुपमा नियुक्त गरी तलव खर्च शिर्षक २११११ बाट वार्षिक रु. ४२७७२६ भुक्तानी गरेको देखियो । पालिकाको आन्तरिक श्रोततर्फ पदाधिकारी सुविधा शिर्षकबाट खर्च लेख्नुपर्नेमा तलब शिर्षकबाट खर्च लेखेको अनियमित देखिएको रु.

अनियमित भएको	४,२७,७२६

५१ **मोवाइल खरिद**

गण्डकी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संशोधन)ऐन, २०७६ को दफा ३ अनुसार गाउँ कार्यपालिकाका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाउने व्यवस्था छ।त्यसैगरी कर्मचारीलाई समेत मोबाईल सूविधाको सम्बन्धमा व्यवस्था गरेको देखिदैन।पालिकाले गो भौ नं १२४-०८२।२।२९ छिम्केश्वरी मोबाइल मर्मत केन्द्र (कन्टीन्जेन्सी) बाट Real me N65 मोबाइल १ थान रु.२१९९८ गो भौ नं १९२-२०८२।३।२५ एस डी मोबाईल टी भी मर्मत केन्द्र (मेशिनरी औजार)बाट Samsung A06 मोबाइल १ थान रु.१९९९९ खरिद गरेको देखियो। पालिकाले कानुनमा उल्लेख नभएका सामान खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

५२ **रसिद नियन्त्रण खाता**

पालिकाले विभिन्न शाखा एवं वडाबाट विभिन्न शिर्षकमा राजस्व रकम प्राप्त गरी राजस्व सूचना व्यबस्थापन प्रणाली (RIMS) मा आम्दानी बाँध्ने गरेको छ ।पालिकाको सार्वजनिक सम्पत्ति व्यबस्थापन प्राणाली (PAMS) मा २० थान आम्दानी रसिद छापेको

देखिएकोमा जिन्सी शाखाका जिम्मेवार व्यक्तिले रसिद नियन्त्रण खाता राखेको देखिएन ।जिन्सी शाखा प्रमुखका अनुसार पालिकाका कार्यालय सहयोगी कुल बहादुर भुजेलले उक्त रसिद जिम्मा लिएको उल्लेख गरेता पनि सोको अद्यावधिक अभिलेख लेखापरीक्षणको क्रममा पेश भएन। पालिकाले छपाएका रसिद नं १ देखी १००० सम्मका २० प्याडमध्ये रसिद नं ८५० देखि १००० सम्मका रसिद लेखापरीक्षणको क्रममा पेश नभएकोले सोबाट सङ्कलित राजस्व एवं दाखिला स्थिति यकिन हुन सकेन।पालिकाले उक्त रसिदको उपयोगका सम्बन्धमा छानविन गरी राजस्व रकम यकिन गर्नुपर्दछ। साथै आम्दानी रसिदको अवस्था खुल्ने रसिद नियन्त्रण खाता अद्यावधिक गरी, सो रसिदबाट प्राप्त राजस्व दाखिला भए नभएको पालिकाले समय समयमा यकिन गरी राजस्व व्यवस्थापनमा सुधार गर्नुपर्दछ ।

५३ **इन्धन खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को दफा ३७ अनुसार खर्चको बील भर्पाइ सहितको लेखा राख्नुपर्ने उल्लेख छ। पालिकाले इन्धन बापत रु.३००००००।- बजेट विनियोजन गरेकोमा विभिन्न गोश्वरा भौचर र मितिबाट इन्धन पदाधिकारी र इन्धन कार्यालय प्रयोजन गरी रु.२८४९३१८।- को इन्धन खरिद गरी आयल स्टोरलाई भुक्तानी गरेको देखियो । पालिकाको ३ हलुका सवारी साधन १ कृषि एम्बुलेन्स र २७ थान मोटरसाइकल चालु अवस्थामा रहेकोमा म.ले.फा.न ९०५ अनुसार प्रत्येक सवारी साधनको लागि बेग्लाबेग्लै लगबुक राख्नुपर्ने तथा सबै महल भर्नुपर्नेमा पालिकाले सवारी साधनको लगबुक राखेको देखिएन । जसले गर्दा सवारी साधनको इन्धन खपत र गुडेको किलोमिटर बिश्लेषण गर्न सकिएन । सवारी साधनको तुलनामा इन्धनको खर्च अधिक देखिएकोले सवारी साधन अनुसारको लगबुक व्यवस्थित गरी इन्धन खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ।

५४ **धरौटी फिर्ता**

सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२४(२) मा निर्माण व्यवसायीले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात र अर्थ मन्त्रालयको च.नं. ३६९ मिति २०६९।६।१७ को परिपत्रमा उल्लेख भएअनुसार मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गरेपश्चात मात्र धरौटी फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाणबेगर निम्नानुसार धरौटी फिर्ता गरेको देखियो। आवश्यक प्रमाणबेगर धरौटी फिर्ता गरेकोमा नियमानुसार मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

भौचर/मिति	फर्मको नाम	स्थायी लेखानम्बर	धरौटी रकम
३-०८१।७।१२	जाल्पा देवी निर्माण सेवा	३०१४५७४७८	५०४२९३
८-०८१।८।११	सृष्टि स्टेसनरी एण्ड जनरल अर्डर सप्लायर्स	६००११६५१०	३५०००
जम्मा			५३९२९३

प्रमाण पेश नगरेको	५,३९,२९३

५५ **सफ्टवेयर खरिद** (409-2082-01-21):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यकताको पहिचान गरी खरिद विवरण, परिमाण र क्षेत्र यकिन गरी लागत अनुमान तयार गरी खरिद गर्नुपर्ने उल्लेख छ ।पालिकाले यो वर्ष राईनास सिंचाई आयोजना जल उपभोक्ता समितिको लागि सिंचाइ सफ्टवेयर खरिद तथा स्टलेशन कार्यबापत बिजनेश म्यानेजमेन्ट सर्भिसेज प्रा.लि.लाई रु.४८५९००।- भुक्तानी गरेको देखियो ।पालिकाले सफ्टवेयर सञ्चालनको स्वीकृति, सफ्टवेयरको प्रयोगयोग्य रहे नरहेको सम्बन्धमा सफ्टवेयर अडिट समेत नगराई सफ्टवेयर खरिद गरी भुक्तानी गरेकोमा उक्त कार्यबाट पालिकालाई थप व्ययभार परेको देखिएकोले यस प्रकार अन्य निकायका लागि सफ्टवेयर खरिद गरी वितरण गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

५६ **आर्थिक ऐन कार्यान्वयनको अवस्था**

पालिकाबाट जारी भएको आर्थिक ऐन २०८१ मा भएको व्यबस्था अनुसार घरवहाल कर, व्यबसाय कर, जडिवुटी, कवाडी र जिवजन्तु कर, सवारी साधन कर, विज्ञापन कर, मनोरन्जन कर, बहाल विटौली शुल्क, पार्किङ शुल्क दस्तुर, पर्यटन शुल्क जस्ता राजस्व

सङ्कलनका क्षेत्र उल्लेख गरेको भएता पनि पालिकाले यस बर्ष उल्लेखित शिर्षकमा राजस्व सङ्कलन गरेको देखिएन।तसर्थ पालिकाले राजस्वका क्षेत्र पहिचान गरी आन्तरिक आम्दानी बढाउनु पर्दछ ।

५७ **पुस्तक खरिद** (700-2082-03-25):

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३७ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा प्रचलित कानुन बमोजिम खर्च प्रमाणित गर्ने बिल भर्पाइ तथा आवश्यक प्रमाण पुगेको यकिन गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले International council of Museums नामक संस्थाले प्रकाशन गरेको संग्रालय नामक पुस्तक Pentagram नामक फर्मबाट ७०० थान खरिद गरी रु.२०००००। भुक्तानी गरेको छ। उक्त पुस्तकमा प्रकाशित १९ वटा लेख रचनामध्ये संग्रालयसँग सम्पदा जोड्ने राईनास नगरपालिकाको प्रयास नामक एक रचना प्रकाशित भएको आधारमा जिन्सी आम्दानी समेत नबाँधी रकम भुक्तानी भएको छ। पालिकाले पुस्तक दाखिला एवं वितरण नै नगरेको र एकमात्र रचना प्रकाशन गरी ७०० थान पुस्तक खरिद गरेको बिलको आधारमा भुक्तानी गरेकोले उक्त रकम भुक्तानी दिन मिल्ने आधार प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	२,००,०००

५८ **सडक बत्ती जडान**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार २० लाख रुपैयासम्म लागत अनुमान भएको मालसामान, निर्माण कार्य वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्र र नियम ३१ अनुसार २० लाख रुपैयाभन्दा बढी लागत अनुमान भएको मालसामान, निर्माण कार्य वा जुनसुकै सेवा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष उज्यालो पालिका कार्यक्रम अन्तर्गत टोल सुधार समितिसँग मिलेरसडक बत्ती जडान गर्ने कार्यका लागि रु.२००००००।- विनियोजन गरेकोमा हिउँदे सभाबाट रु.७५०००० बजेट थप गरी सडक बत्ती र तार खरिद एवं जडान कार्यको लागत अनुमान दुई चरणमा तयार गरी देहायबमोजिम उज्यालो पालिका कार्यक्रमका लागि बोराङ्खोला मसार प्याराजुङ्ग रिङ्गरोड सडक योजनाको कन्टिन्जेन्सीबाट रु.१०५५३८।- सहित रु.२८५५५३८।- खर्च गरेको छ।पालिकाले खरिदको यथार्थ आवश्यकता यकिन गरी एकमुष्ट लागत अनुमान बनाई सिलबन्दी/बोलपत्रको माध्यमबाट खरिद कार्य गर्नुपर्नेमा निम्नानुसार कार्य गरेको उपयुक्त देखिएन। साथै खरिद गरेका सडक बत्ती एवं तार तोकिएको गुणस्तर बमोजिम भएनभएको परीक्षण नगरेको एवं जडानबापत रु.२५०४७८।- खर्च गरेकोमा जडान गरेको सडक क्षेत्र खुलाई जडान सम्पन्न प्रतिवेदन समेत तयार नगरेकोले सो सम्बन्धमा यकिन हुन सकिएन । पालिकाले बजेट तथा कार्यक्रम निर्धारण गर्दा कै चरणमा वास्तविक आवश्यकता यकिन नगरी बजेट विनियोजन गर्ने एवं खरिद नियमावलीको व्यवस्था विपरित प्रतिस्पर्धात्मक विधि अबलम्बन नगरी विभिन्न चरण एवं टुक्रा पारी कार्य गर्ने प्रवृत्तिमा सुधार गरी खरिद कार्य व्यवस्थित गर्नुपर्दछ।

गो भौ नं, मिति	विवरण	भुक्तानी रकम
१५-२०८१।७।७ ४३-२०८१।११।४	कान्तिपुर सप्लायर्स प्रा.लि. ३१० थान स्ट्रिट लाइट ३१० थान एङ्गल पाइप र अन्य	६१९८३०।-
७१-२०८२।१।२	धर्मराज ट्रेडर्स एण्ड सप्लायर्स २५० थान स्ट्रिट लाइट २५० थान एङ्गल पाइप	४७१२५२।-
१८-२०८१।८।१२	एभरेष्ट इन्टरनेशनल बिजनेश प्रा लि १०sqmm2 concentric cable 24000rm	९८३१९३।-
१०४-२०८२।२।१८	काठमाडौँ इलेक्ट्रिकल्स एण्ड सप्लायर्स १०sqmm2 concentric cable 10000rm	४२९९६५।-
३५-२०८१।१०।९	प्रथम चरणको सडक बत्ती जडान खर्च	१९७१९०।-
१३८-२०८२।३।६	दोस्रो चरणको सडक बत्ती जडान खर्च	१५३३८८।-
जम्मा		२८५५५३८।-

५९ **बाल बचत खाता** (524-2082-03-24):

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ मा पालिकाले आफ्नो कार्यक्षेत्रभित्रका विषयमा ऐन बनाउन सक्ने तथा सोही ऐनको अधिनमा रही कार्यपालिकाले नियम, निर्देशिका र मापदण्ड बनाउन सक्ने उल्लेख छ । पालिकाले कक्षा १ देखि ५ सम्मका विद्यार्थीको बाल वचत प्रोत्साहन कार्यक्रम, शैक्षिक गुणस्तर अभिवृद्धि र विद्यालय छाड्ने विद्यार्थी न्यूनीकरण गर्ने कार्यक्रमको लागि गाउ सभाको निर्णय अनुसार प्रति महिना प्रति विद्यार्थी रु. ५० का दरले वार्षिक ६०० पालिकाले र महिना प्रति विद्यार्थी रु.५० का दरले वार्षिक रु.६००।- स्वयम् विद्यार्थीले जम्मा गर्नेगरी ७६८ जना बालवालिकाको बालवचत खाता खोली रु.४६०८०० जम्मा गरेको देखियो ।यसरी रकम जम्मा गर्दा कार्यक्रमको निरन्तरता रहने नरहने र यसको उपयोगिता के हुने यकिन नै नगरी रकम जम्मा गरेकोले ऐनमा भएको व्यवस्था बमोजिम कार्यविधि निर्माण गरी निश्चित मापदण्डको आधारमा बचत खाता सञ्चालन गर्ने र कार्यक्रम प्रभावकारी रुपमा भए नभएको सम्वन्धमा नियमित अनुगमन गर्नुपर्ने देखिन्छ।

६० **सेवा परामर्श खर्च** (634-2082-03-20):

गण्डकी प्रदेश खर्चको मापदण्ड २०७९ को बुँदा नं. ११ मा आफ्नो निकायमा रहेका मौजुदा जनशक्तिबाट कुनै काम हुन नसक्ने अवस्थामा मात्र प्रचलित कानुन अनुसार सेवा करार वा परामर्श सेवा लिनु पर्ने उल्लेख छ।पालिकामा अमिन पदमा हस्तमाया थिङ् कार्यरत रहेको अवस्थामा पुनः रमेश चिलवाललाई २०८१।८।१२ गते देखि मासिक रु.३२९०२।पाउने गरी नियुक्त गरी रु. २३०१६०।- भुक्तानी गरेको देखियो। पालिकामै जनशक्ति उपलब्ध भएको अवस्थामा उपलब्ध जनशक्तिबाट कार्य नगराई पुन: अमिन नियुक्ति गरी सेवा परामर्शबाट प्रदेश खर्चको मापदण्ड विपरीत खर्च लेखेको अनियमित देखिएको रु.

अनियमित भएको	२,३०,१६०

६१ **फिल्ड भत्ता** (37, 48, 183-2082-03-32):

गण्डकी प्रदेश खर्च मापदण्ड, २०७९ को बुँदा नं १५(१) मा सम्बन्धित निकायको कार्यक्षेत्रभित्र पर्ने नियमित प्रकृतिको काम गरे बापत तलब बाहेकको अन्य थप सुविधा एवं अतिरिक्त भत्ता लिन नपाइने उल्लेख छ । पालिकाले २०८१।१०।१३ सभाको निर्णय बमोजिम मिति २०८१ माघ देखि २०८२ असारसम्म फिल्डमा खटिएको अवधिको 17 प्राविधिक कर्मचारी एवं हलुका सवारी चालकलाई रु.६२११०६।- फिल्ड भत्ता योजनाको कन्टिन्जेन्सीबाट भुक्तानी गरेको देखियो।पालिकाको आफ्नो आन्तरिक आम्दानी न्यून रहेको अवस्थामा पालिकाको कार्यक्षेत्रभित्र पर्ने नियमित प्रकृतिको काममा समेत भत्ता भुक्तानी गरेको मापदण्ड अनुकूल नदेखिएकोले यस प्रकारका भत्ता भुक्तानी गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

६२ **बिज्ञापन बोर्ड शुल्क**

विज्ञापन (नियमन गर्ने) ऐन २०७६ को दफा २१(ख) मा भएको व्यवस्था एवं सूचना तथा सञ्चार प्रविधि मन्त्रालयको प.सं ०७९।८० च.नं ३८२ मिति २०७९।०५।०७ को पत्र बमोजिम विज्ञापनबापतको रकम भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर बाहेकको रकममा ३ प्रतिशतको दरले रकम कट्टा गरी विज्ञापन बोर्डको नाममा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले निम्न विज्ञापन ऐजेन्सीलाई विज्ञापन शुल्क बापत रु.१७४२००।- (मू.अ.कर बाहेक) भुक्तानी गरेकोमा ३ प्रतिशतले हुने रु.५२२६।- दाखिला गरेको देखिएन । ऐनको ब्यवस्था बमोजिम उक्त रकम दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु.

भौ नं मिति	मिडियाको नाम	भुक्तानी भएको रकम	कट्टी गर्नुपर्ने रकम
१८।०८१।६।१९	ग्लोवल मेडिया प्रा लि	६७२००।	२०१६
२३०।०८१।१०।११	लमजुङ्ग दर्पण	५००००।	१५००
५७०।०८२।३।१३	सक्सेस एडभरटाईजिङ्ग	५७०००।	१७१०
जम्मा		१७४२००।	५२२६

प्रमाण पेश नगरेको	५,२२६

६३ **गोठ निर्माण अनुदान** (165-2082-03-20):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले राइनास बाख्रा तथा भेडा पालन कृषि समुहलाइ बाख्रा प्रवर्धन कार्यक्रम अन्तर्गत विभिन्न १५ किसानका गोठ निर्माण तथा मर्मत कार्यको लागि रु.११२४१५४.९१ को कार्यसम्पन्न भएको आधारमा रु. ५९९०३१ भुक्तानी गरेको छ ।भुक्तानीको साथ समुहका कृषकसँग भएको भेडाबाख्रा संख्या सहितको विवरण खुलाएको छैन । तसर्थ पालिकाले वास्तविक आवश्यकता यकिन गरी अनुदान वितरण गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

६४ **गाई खरिद अनुदान** (164-2082-03-20):

पशु ढुवानी मापदण्ड २०६४ को परिच्छेद ३ बुँदा नं ७(२) मा देश भित्र आन्तरिक ओसार पसार हुने पशुको हकमा ढुवानीकर्तासंगै प्रस्थान गर्नु भन्दा बढीमा ३ दिन अगाडी तोकिएको ढाँचामा पशु चिकित्सकले स्वास्थ्य प्रमाणपत्र जारी गरेको हुनुपर्ने उल्लेख छ । पालिकाले एस.एण्ड एस. मोडल भैसी फर्मबाट ७ गाई खरिद तथा ढुवानी गरी रु.६६१४१८ अनुदान रकम भुक्तानी गरेकोमा खरिद गरेका गाईको तोकिएबमोजिमको स्वास्थ्य परीक्षण गरेको प्रमाणपत्र संलग्न गरेको देखिएन । मापदण्ड विपरित स्वास्थ्य परीक्षण प्रमाणपत्र संलग्न नगरी अनुदान वितरण गरेको कार्य उपयुक्त देखिएन ।मापदण्डमा उल्लिखित व्यवस्थाको पालना गर्नुपर्दछ ।

६५ **अनुदान कार्यक्रम**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु कार्यक्रममा विभिन्न कृषि फर्म, कृषि व्यवसायी र कृषकहरुलाई ५० प्रतिशत लागत साझेदारीमा अनुदान खर्च लेखेको छ । पालिकाबाट बितरण भएको अनुदानको सार्वजनिकीकरण गरी सोको अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी अनुदान प्रदान गर्ने, सोको विवरण सार्वजिनिकिकरण गरी अनुदान रकमको सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।केही उदारणहरु निम्नानुसार रहेका छनः

क्र.स	कार्यक्रमको नाम	अनुदान रकम
१	खाद्यान्न बालीको उन्नत बीउ वितरण	७३६०००
२	कोदोको मूल बीँउ वितरण	७००००
३	बाख्रा प्रबर्धन कार्यक्रम	१०२५०००
४	मौरी घार वितरण	२७००००
५	बर्षे/बहुवर्षे/डाले तथा भुईघासको बीउ वितरण	२७००००
६	फार्म यन्त्रीकरण तथा व्यवस्थापन कार्यक्रम	४०००००
७	रागो बोका थुमा र बंगुर वितरण कार्यक्रम	२०००००
८	लोकल कुखुरा संरक्षण कार्यक्रम	१८००००
९	व्यावसायिक कृषकलाई माछा पोखरी मर्मत अनुदान	१०००००
१०	रैथाने बाली प्रबर्धन कार्यक्रम	६०००००

६६ **कार्य सम्पन्न प्रतिवेदन** (523-2082-03-06):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ र १२५ अनुसार निर्माण सम्पन्न भएपछि नापी किताव सहित कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने साथै नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान र निर्माण कार्यको सम्झौतामा उल्लेख भएअनुसार प्राविधिक परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । पालिकाले राधाकृष्ण ग्यावियन तथा जाली उद्योगलाई ग्यावियन बक्स जाली (1.5*1*1 m) २३० थान र (2*1*1 m) १०० थान गरी जम्मा ३३० थान खरिद गरी रु. ९८००४९।- भुक्तानी गरेको देखियो। पालिकाले खरिद गरेका ग्याबियन जाली बक्स ३३० थान तोकिएको गुणस्तर बमोजिमको रहे नरहेको एंव उपयोग भएको देखिने कार्यसम्पन्न प्रतिबेदन सहितको पुष्ट्याँई पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	९,८०,०४९

६७ **खेलकुद शिक्षक प्रोत्साहन भत्ता** (563-2082-03-12):

गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७९ को बुँदा नं. १५ अनुसार सम्बन्धित निकायको कार्यक्षेत्र भित्र पर्ने नियमित प्रकृतिको काम गरे बापत तलव बाहेकको अन्य थप सुविधा एवम् अतिरिक्त भत्ता लिन नपाईने उल्लेख छ। पालिकाले पालिका भित्रका मा.वि. स्तरका ११ खेलकुद शिक्षकलाई प्रोत्साहन भत्ता बापत रु.९९०००।- रकम भुक्तानी गरेको छ।यथार्थ आवश्यकता पहिचान, निश्चित मापदण्ड र कार्यविधिवेगर यस प्रकार गरिने खर्चले पालिकाको व्ययभार बढ्दै जाने देखिएकोले यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

६८ **जिन्सी दाखिला**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ८३ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी कितावमा सात दिनभित्र आम्दानी वाँधि लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ।साथै नेपाल सरकारको २०७७ कार्तिक २० को निर्णयअनुसार सबै तहको सरकारी कार्यालयको सार्वजनिक कोषको खर्चमा वित्तीय पारदर्शिता र जबाफदेहिता साथै विद्युतीय सुशासन कायम गरी सेवा प्रवाहमा चुस्तता, गुणस्तरीयता र प्रभावकारिता कायम गर्न सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली तिनै तहका सरकारले लागू गर्नुपर्ने उल्लेख गरेकोमा नमुना परीक्षण गर्दा पालिकाले निम्न अनुसारका खर्च भई जाने तथा नजाने मालसामान सो प्रणालीमा आम्दानी बाँधि अभिलेख अद्यावधिक गरेको देखिएन। तसर्थ पालिकाले खरिद गरेका उक्त सामान जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

भौ नं र मिति	फर्म / सप्लायर्सको नाम	विवरण	भुक्तानी
२१।०८१।६।१९	वेष्टर्न प्रिन्टिङ्ग सपोर्ट	शैक्षिक डायरी थान ४५०	९९४९८
२४१।०८२।१।२१	वेष्टर्न प्रिन्टिङ्ग सपोर्ट	शैक्षिक क्यलेण्डर थान ५००	४२४९९
४७९।०८२।२।१७	पव्लिक छापाखाना	शैक्षिक प्रोफाईल थान २००	८०२३०
६५२।०८२।३।१७	एच एम ग्रुप अफ कम्पनी	Laptop i5 Acer वडा बाट खरिद	८००००
६४५।०८२।३।२४	संयोग डिजिटल	दोसल्ला ८०थान र थर्मस १२ थान	५५६००
जम्मा			३५७८२७

प्रमाण पेश नगरेको	३,५७,८२७

६९ **बालबालिकाको स्थिति पत्र तयारी** (503-2082-03-03):

गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७९ को बुँदा नं११ मा आफ्नो निकायमा रहेका मौजुदा जनशक्तिबाट कुनै काम हुन नसक्ने अवस्थामा मात्र प्रचलित कानुन अनुसार सेवा करार वा परामर्श सेवा लिनु पर्ने साथै बुँदा नं २१ मा अत्यावश्यक सेवा वा परामर्श लिदा सम्बन्धित निकायमा विषयगत जनशक्तिको अधिकतम उपयोग हुने गरी कार्यसम्पादन गर्नुपर्ने र बाह्य निकाय/संस्थाबाट परामर्श वा सेवा लिई कार्यसम्पादन गराउने प्रवृतिलाई निरुत्साहित गरिने साथै सेवा लिनुपर्ने अवस्था आएमा त्यस्ता संस्थाको अनिवार्य रुपमा कार्य विवरण तोकेर मात्र गर्नुपर्ने व्यवस्था छ।पालिकाले बालमैत्री स्थानीय शासन घोषणा गर्ने प्रयोजनका लागि कोबो मोबाइल एप्लिकेशन मार्फत तथ्याङ्क सङ्कलन गरी बालबाालिकाको स्थितिपत्र तयार गरेको उल्लेख गरी सार्थक रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टरलाई रु.१०००००।- भुक्तानी गरेको छ।पालिकामा सुचना प्रविधि अधिकृत, बालवालिकाको जन्मदर्ता गर्नका लागि वडा सचिव, स्वास्थ्य सम्बन्धी तथ्याङ्क लिन स्वास्थ्यकर्मी र शिक्षा सम्बन्धी जानकारीको लागि शिक्षा शाखाका प्राविधिक र अन्य जानकारीका लागि स्थानीय जनप्रतिनिधिसमेत रहेकोमा बालमैत्री स्थानीय शासन घोषणा गर्ने प्रयोजनका लागि सार्थक रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टरसंग सम्झौता गरी कार्य गराएको उपयुक्त देखिएन ।साथै उक्त संस्थाको कार्य विवरण समेत संलग्न नगरी प्रदेश खर्चको मापदण्ड विपरीतको गरेको खर्च नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,००,०००

७० **शिक्षक दरबन्दी अवस्था**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिका अन्तर्गतका सामुदायिक विद्यालयको शिक्षक दरवन्दी, पदपूर्ति एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको छ ।

विद्यालय संख्या	स्वीकृत दरबन्दी	पदपूर्ति	पदपूर्तिमध्ये स्थायी	पदपूर्तिमध्ये राहत/करार	रिक्त	विद्यार्थी संख्या
३५	२४९	२४९	१९६	५३	०	३१४०

पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गत ३५ विद्यालयमा २४९ शिक्षक दरबन्दी रहेकोमा सबै पदपूर्ति रहेको र पदपूर्तिमध्ये ५३ जना करार/राहत शिक्षक रहेको देखिन्छ ।३५ विद्यालयमा ३१४० विद्यार्थी रहेकोमा शिक्षक विद्यार्थी अनुपात १:१२ रहेको देखिन्छ। विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएको विद्यालयबाट कम शिक्षक भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्यून विद्यार्थी भएको विद्यालयहरु सम्भाव्यताको आधारमा समायोजन गर्नुपर्दछ ।

७१ **शिक्षक विद्यार्थी अनुपात**

शिक्षा नियमावली, २०५९ को परिच्छेद १५ को नियम ७७ मा शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा ३५ सामुदायिक विद्यालयको शिक्षक विद्यार्थी अनुपात सबैभन्दा धेरै १:२४ सौभाग्योदय नमुना माध्यमिक विद्यालय र सबैभन्दा कम शुर्दशन प्राथमिक विद्यालय र सिद्धार्थ प्राथमिक विद्यालयको १:१ रहेको देखिन्छ ।पालिकामा रहेका विद्यालयमध्ये शिक्षक विद्यार्थी अनुपात १:१० भन्दा बढी हुने ७

विद्यालय रहेका छन। सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार संघीय कानुनले तोकेबमोजिम विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य सुरु गरेता पनि पूर्ण रुपमा कार्यान्वयन गरेको देखिएन ।पालिकाले आवश्यकता र अनुपात मिल्ने गरी शिक्षक दरबन्दी मिलान गर्नुपर्दछ ।

क्र.स.	विद्यालयको नाम	शिक्षक संख्या	विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
१	श्री महेन्द्र बालविकास मा.बि	१४	७०	१:५
२	श्री ज्ञानोदय मा.बि	१८	१६२	१:९
३	श्री सौभाग्योदय नमुना मा.बि	२१	५०४	१:२४
४	श्री शिशु विद्याश्रम मा.बि	२७	३२४	१:१२
५	श्री शैलपुत्री नमुना मा.बि	२९	४३५	१:१५
६	श्री शारदा मा.बि	१८	१९८	१:११
७	श्री बीरभक्ति मा.बि	१८	३७८	१:२१
८	श्री रुद्र मा.बि	१६	१७६	१:११
९	श्री भैरव मा.बि	१६	१२८	१:८
१०	श्री जनता मा.बि	१२	४८	१:४
११	श्री बुद्धमिलन मा.बि	१६	१४४	१:९
१२	श्री कालिका आ.बि	९	२७	१:३
१३	श्री सरस्वति प्रा.बि	३	१२	१:४
१४	श्री चम्पावति प्रा.बि	५	३०	१:६
१५	श्री जनचेतना प्रा.बि	५	१५	१:३
१६	श्री प्रगति प्रा.बि	५	४०	१:८
१७	श्री बसन्ताबति प्रा.बि	३	३०	१:१०
१८	श्री बिरेन्द्र दीप प्रा.बि	६	४२	१:७
१९	श्री चण्डी प्रा.बि	४	१२	१:३
२०	श्री मिलन प्रा.बि	६	१८	१:३
२१	श्री सरस्वति प्रा.बि	४	२४	१:६
२२	श्री अमर ज्योती प्रा.बि	३	२१	१:७
२३	श्री शुभोदय प्रा.बि	४	१६	१:४
२४	श्री शुर्दशन प्रा.बि	३	३	१:१
२५	श्री कृष्ण प्रा.बि	३	२१	१:७
२६	श्री शान्ति देवी प्रा.बि	५	१५	१:३
२७	श्री दुर्गादिबी प्रा.बि	३	२१	१:७
२८	श्री बिरेन्द्र शान्ति प्रा.बि	२	८	१:४
२९	श्री सप्त कन्या प्रा.बि	३	६	१:२
३०	श्री देवी प्रा.बि	४	१२	१:३

३१	श्री गौतम प्रा.बि	३	१८	१:६
३२	श्री सिद्धार्थ प्रा.बि	२	२	१:१
३३	श्री महेन्द्र प्रा.बि	३	१५	१:५
३४	श्री मनकामना प्रा.बि	१	२	१:२
३५	श्री महेन्द्र ज्योति प्रा.बि	१	६	१:६

७२ **ओजेटी व्यवस्थापन खर्च** (120-2082-02-26):

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वियन कार्यविधि,२०८१।८२ को क्रियाकलाप नं २.७.१३.५० मा प्राविधिक धार (कक्षा ९-१२) सञ्चालित विद्यालयलाई प्रति विद्यार्थी वार्षिक रु.१५००० दरले दिने व्यवस्था छ । उक्त अनुदान रकम विद्यालयले प्राथमिकताका आधारमा कार्यक्रम कार्यान्वयन कार्यविधिले तोकेबमोजिम ल्याब असिस्टेन्टका लागि पारिश्रमिक भुक्तानी र ओजेटी गर्ने विद्यार्थीलाई रु.१ हजारका दरले निर्वाह खर्च विद्यार्थीको बैङ्क खातामा पठाउनुपर्ने र बाँकी रकम पाठ्यपुस्तक लगायतका सिकाई सामग्री व्यवस्थापन गर्ने जस्ता विषयमा खर्च गर्न सक्ने उल्लेख छ ।पालिकाले देहायक प्राविधिक विद्यालयलाई रु.१८६००००।- अनुदान निकासा गरेकोमा सोको पुष्टि हुने प्रमाण कागजात एवं कार्यसम्पन्न सहितको अनुगमन प्रतिवेदन संलग्न गरेको देखिएन ।अत: विद्यालयलाई निकासा भएको उक्त रकम तोकिएबमोजिम खर्च भएको पुष्टयाई पेश हुनुपर्ने रु.

क्र.स	विद्यालयको नाम	ओजेटी गर्ने विद्यार्थी	भुक्तानी रकम
१	शिशु विद्याश्रम मा.वि	५७	८५५०००
२	शैलपुत्री नमुना मा.वि	६७	१००५०००
जम्मा			१८६००००।-

प्रमाण पेश नगरेको	१८,६०,०००

७३ **बालविकास सहजकर्ता**

प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ को प्रथम संशोधन, २०७५ ले प्रारम्भिक बालविकास तथा पूर्वप्रथमिक शिक्षालाई एउटा विद्यालयमा २५ जनासम्मको लागि विद्यालय भित्र छुट्टै कक्षा कोठा र १ जना तालिम प्राप्त सहजकर्ता (इसीडी) व्यवस्था गर्नुपर्ने उल्लेख छ । पालिका मातहतका निम्नानुसार २ विद्यालयमा मार्गदर्शक पुस्तिकामा व्यवस्था भएको भन्दा देहायबमोजिम २ जना बढी बालविकास सहजकर्ता कार्यरत रहेको देखिन्छ । यसबाट बालविकास सहजकर्ताको पारिश्रमिक खर्चमा पालिकालाई वार्षिक रु.४६२०००। थप व्ययभार परेको देखिन्छ ।अत: मार्गदर्शक पुस्तिकामा उल्लेख भएभन्दा बढी सहजकर्ता राखी खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

क्र.स	विद्यालयको नाम	विद्यार्थी संख्या	कार्यरत बालविकास सहजकर्ता संख्या	बढी संख्या	वार्षिक खर्च
१	श्री रुद्र मा.वि	२४	२	१	२३१०००
२	विरेन्द्रदेव प्रा.वि	१३	२	१	२३१०००
जम्मा					४६२०००

अनियमित भएको	४,६२,०००

७४ **निशुल्क पाठ्यपुस्तक अनुदान** (168-2082-03-20):

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१/८२ को क्रियाकलाप नं २.४.६.२ अनुसार सार्वजनिक विद्यालयका विद्यार्थीका लागि निशुल्क पाठ्यपुस्तक अनुदान कार्यक्रम कक्षा १ देखि १२ सम्मका विद्यार्थीलाई दिने व्यवस्था छ । पालिकाले यो वर्ष पाठ्यपुस्तक अनुदानमा रु.१८१५३०८।- विद्यालयको खातामा निकासा गरेको देखिन्छ । विद्यालयको खातामा

निकासा भएको रकम २०८१।८२ को IEMIS संख्या , जनक शिक्षा सामाग्रीको पाठ्यपुस्तकको दररेट र ऐच्छिक विषयको दररेट अनुसार निकासा हुनुपर्ने अनुदान रकम सँग भिडान गर्दा देहायका विद्यालयलाई रु.१०५४३६।- बढी निकासा गरेको देखियो । पालिकाले तोकिएको दर अनुसार २०८२ को ईमिस विवरणमा देखिएको विद्यार्थी संख्या भन्दा बढी संख्यामा रकम निकासा गरेको देखिएकोले बढी निकासा भएको रकम सम्बन्धित विद्यालयबाट असुल हुनुपर्ने रु.

	विद्यालयको नाम	निकासा भएको रकम	निकासा हुनुपर्ने रकम	बढी निकासा
१	श्री महेन्द्र बालविकास मा.बि	४७०४९	४०७७२	६२७७
२	श्री ज्ञानोदय मा.बि	११२६२१	१०९२२९१	३३९२
३	श्री शिशु विद्याश्रममा.बि	१९२६१२	१८८६७१	३९४१
४	श्री शैलपुत्री नमुनामा.बि	२३६१०२	२३४३८०	१७२२
५	श्री शारदा मा.बि	१४४३०५	११९७२९	२४५७६
६	श्री बीरभक्ति मा.बि	२६१६०७	२४९१८०	१२४२७
७	श्री रुद्र मा.बि	१२८७४५	१२३३४६	५३९९
८	श्री भैरव मा.बि	१००८२८	९१६०९	९२१९
९	श्री जनता मा.बि	५८६४९	३९४१७	१९२३२
१०	श्री प्रगति प्रा.बि	१४९१८	१०१८९	४७२९
११	श्री बसन्ताबतिप्रा.बि	९५६३	७५५६	२००७
१२	श्री मिलन प्रा.बि	८९४३	७२८४	१६५९
१३	श्री अमर ज्योतीप्रा.बि	५४८२	०	५४८२
१४	श्री दुर्गादिबीप्रा.बि	१०३२१	६३१६	४००५
१५	श्री सप्त कन्याप्रा.बि	१३६९	०	१३६९
जम्मा				१०५४३६।-

असुल गर्नुपर्ने	१,०५,४३६

७५ **परीक्षा व्यवस्थापन** (102-2082-01-21):

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **४,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७६ **लागत र प्रतिफल**

राइनास पालिका अन्तर्गत सञ्चालित यो वर्ष ३५ सामुदायिक विद्यालयमा जम्मा विद्यार्थी संख्या ३१४० देखिन्छ। संघ प्रदेश र स्थानीय तहको स्रोतबाट गरी जम्मा खर्च रु.२२२७४२२८४।- रहेकोमा प्रति विद्यार्थी लागत रु.७०९३७।- देखिन्छ।यस वर्ष पालिका अन्तर्गतका ११ वटा विद्यालयबाट ३०३ विद्यार्थी एसईईको परीक्षामा सहभागी भएकोमा जम्मा १८७ जना विद्यार्थी अर्थात ६१.७ प्रतिशत मात्र उत्तीर्ण भएका छन। सरकारको लगानी यस क्षेत्रमा बढी रहेको अवस्थामा शिक्षाको गुणस्तर तथा प्रतिफलमा थप सुधार हुनुपर्ने देखिन्छ।पालिकाले शैक्षिक गुणस्तर वृद्धि गर्न अनुगमन प्रणालीलाई प्रभावकारी बनाई शिक्षाको गुणस्तरमा थप सुधार गर्नेतर्फ जोड दिनुपर्दछ ।

७७ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने र दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा ९५६ जना रहेका छन।पालिकाले यो वर्ष वर्षान्तमा भौचर नं १७९-२०८२।०३।२२ बाट १०२०४ प्याकेट स्यानिटरी प्याड खरिद तथा वितरण गरी रु.९९९९२६।- खर्च लेखेको कार्य कार्यविधि अनुकूल देखिएन। पालिकाले समयमै आवश्यकताको पहिचान गरी निर्धारित परिमाणमा प्याड खरिद एवं वितरण गर्नुपर्दछ।
कार्यविधिको बुदा नं १५ मा स्थानीय तहले सामुदायिक विद्यालयका छात्राहरुलाई आवश्यक पर्ने स्यानिटरी प्याड समयमै वितरण भए नभएको प्रयोग भएका सामग्रीको वातावरणमा प्रतिकुल असर नपर्ने गरी विसर्जन भए नभएको सम्बन्धमा अनुगमन गर्नुपर्ने उल्लेख छ। पालिकाले सो सम्बन्धमा अनुगमन गरेको देखिएन ।कार्यविधिको व्यवस्था अनुसार पालिकाले अनुगमन गरी गुणस्तरयुक्त स्यानिटरी प्याड प्रयोगको एवं व्यवस्थापनको सुनिश्चितता गर्नुपर्दछ ।

७८ **अनुगमन भत्ता**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **५३,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **२२,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **१८,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **५६,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **४६,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **५,६१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **३,८२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **२१,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **४४,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

अनियमित भएको	०

७९ **आइसिटी ल्याब सञ्चालन अनुदान** (173-2082-03-21):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि हुने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गरी खर्च लेख्नुपर्ने व्यवस्था छ।पालिकाले संघिय सरकारबाट हस्तान्तरित चालु शिर्षकबाट आइसिटी ल्याब सञ्चालनको लागि निम्नानुसार विद्यालयलाई रु.१९५००००।- अनुदान उपलब्ध गराएकोमा सोको अनुगमन तथा कार्यसम्पन्न प्रतिदेदन संलग्न गरेको देखिएन।पालिकाले विद्यालयलाई आइसिटी ल्याब सञ्चालनका लागि प्रदान गरेको अनुदान रकम सोही अनुसार उपयोग भए नभएको अनुगमन गरी सो को पुष्ट्याई पेश हुनुपर्ने रु.

सि.नं	विद्यालयको नाम	अनुदान रकम रु.
१	जनता माध्यमिक विद्यालय	६५००००
2	बुद्धमिलन माध्यमिक विद्यालय	६५००००
३	भैरब माध्यमिक विद्यालय	६५००००

प्रमाण पेश नगरेको	१९,५०,०००

८० **अनुदान शिक्षक**

शिक्षा नियमावली, २०५९ को परिच्छेद १५ को नियम ७७ मा शिक्षक विद्यार्थी अनुपात हिमालमा १:४०, पहाडमा १:४५ र तराईमा १:५० हुनुपर्ने व्यवस्था छ। पालिकाको देहायबमोजिमका सामुदायिक विद्यालयमा बढी विद्यार्थी भएको विद्यालयमा शिक्षण सहयोग अनुदान जनाई मा.वि तृतीय श्रेणीका ९ शिक्षक नियुक्ति गरी रु.४०१५०११।- समानिकरण अनुदानबाट खर्च लेखेको देखियो। नियमावलीले तोकेको शिक्षक विद्यार्थी अनुपात पहाडी भेगमा १:४५ भन्दा निम्नानुसार विद्यालयमा शिक्षक विद्यार्थी अनुपात न्यून रहेको देखियो। पालिकाले शिक्षक राख्नुपर्ने अवस्था भएमा शिक्षक विद्यार्थी अनुपात समेत विचार गरी वास्तविक आवश्यकता यकिन गरी आन्तरिक स्रोतबाट खर्च लेख्नुपर्नेमा समानिकरण अनुदानबाट तलब खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

क्र.स	विद्यालयको नाम	थप शिक्षक	शिक्षक दरबन्दी	विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
१	श्री सौभाग्योदय नमुना मा.वि	४	२१	५०४	१:२४
२	श्री शिशु विद्याश्रम मा.वि	१	२७	३२४	१:१२
३	श्री शारदा मा.वि	१	१८	१९८	१:११
४	श्री रुद्र मा.वि	१	१६	१७६	१:११
५	भैरव मा.वि	१	१६	१२८	१:८
६	श्री बुद्धमिलन मा.वि	१	१६	१४४	१:९

अनियमित भएको	४०,१५,०११

८१ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार योजनाको निर्माण कार्य बापत उपभोक्ता समितिलाई भुक्तानी दिदा उल्लिखित रकम कट्टा गरी निम्नानुसार भुक्तानी दिनुपर्नेमा फरक रकम भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

गोभौनं./मिति	उपभोक्ता समिति र काम	सम्झौता रकम	कार्य सम्पन्न रकम	भुक्तानी हुनुपर्ने रकम	भुक्तानी भएको रकम	बढी भुक्तानी
१५६-२०८२।३।१८	सेतु मार्ग हुँदै रिङ्गरोड नाला स्तरोन्नती	११५२२६।३४ (पालिकाको योगदान रु९७०००)	१११९१५.९३	९४२१३	९६५६०	२३४७
५५-२०८१।११।२२	वडाभित्रका सडक तथा पूर्वाधार मर्मत	१२३८७२।८० (पालिकाको योगदान रु.९७०००)	१२०३८७।९६	९४२७१	९७०००	२७२९
					जम्मा	५०७६
					असुल गर्नुपर्ने	५,०७६

८२ हेभी इक्विपमेण्टको प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ।सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेसिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेसिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिले डोजर, एक्साभेटर लगायतका हेभी मेसिन प्रयोग गर्ने गरेकोमा नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन।यसका केही उदाहरणहरु यस प्रकार रहेका छन :

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च
७-०८१।६।१७	वडाका आन्तरिक सडक मर्मत उ.स.	वडाका सडक मर्मत	४२४९२	एक्साभेटर प्रयोग	४२४९२
२८-०८१।९।८	महादेवस्थान सग्रवास साततले सडक स्तरोन्नति योजना	सडक स्तरोन्नती	९७०००	एक्साभेटर पाङ्ग्रे कालिका कन्सट्रक्सन प्रा लि	११५०९०
१६१-०८२।३।१८	गैरी गोकुलधोके कृषि सडक स्तरोन्नती योजना	सडक कटिङ्ग	१९४०००	एक्साभेटर पाङ्ग्रे कालिका कन्सट्रक्सन प्रा लि	२३०१८८

८३ कट्टी रकम दाखिला नभएको

सार्वजनिक निकायले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ बमोजिम कुनै बिल विजकको भुक्तानी गर्दा कट्टा गरेको रकम तोकिएअनुरुप दाखिला गर्नुपर्दछ ।पालिकाले निम्नानुसार कार्यको भुक्तानी गर्दा नियमानुसार कट्टा गरेको धरौटी एवं कर रकम वर्षान्तसम्म सम्बन्धित खातामा दाखिला गरेको नदेखिएकोले उक्त रकम दाखिला गरेको प्रमाण पेश हुनपर्ने रु.

गोभौनं./मिति	विवरण	रकम
४-२०८१।९।२९	टिमुरेखोला बोराङ् सडक मर्मत तथा स्तरोन्नती जय भोलेबाबा कन्सट्रक्सनलाई भुक्तानी अग्रिम करकट्टी रु.२८८८२ मूल्य अभिवृद्धि करकट्टी रु.७५०९२ धरौटी रु.९६२७२	२००२४६

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१८,१६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	२,००,२४६

८४ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु नहुने भन्ने उल्लेख छ । त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्यक्ति फर्म बाट सोझै खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले मसलन्द कार्यालय सामग्री तर्फ रु.२२०००००।- र अन्य कार्यालय सम्बन्धी खर्च मा रु.३३०००००।- समेत रु. ५५०००००।- (कार्यक्रम खर्चमा प्रयोग हुने सामान बाहेक) बजेट विनियोजन गरी रु.५३६५०६५।-खर्च गरेको छ । जसमध्ये कार्यालय मसलन्द कार्यालय सामग्री र अन्य कार्यालय सम्बन्धी खर्च सामानको रु.४३६५०६५।-सोझै खर्च भएको देखिन्छ। अनुमानयोग्य सामानहरु टुक्रा पारी खरिद नगरी बोलपत्र वा शिलवन्दी दरभाउ पत्रको माध्यमबाट खरिद गर्नुपर्दछ।नियममा उल्लेख भए अनुसार प्रतिस्प्रधात्मक विधि अबलम्बन गरी खरिद कार्य गर्नु पर्दछ। केही महिनाको नमुना परीक्षण गर्दा देखिएका उदारण निम्नानुसार छन।

भौ नं र मिति	**विवरण**	**फर्म / सप्लायर्सको नाम**	**भुक्तानी रकम**
२६१-०८१।११।४	मसलन्द र कार्यालय सामान	केडी ईन्टरप्राइजेज	४५९२१७
६०९-०८२।३।१८	मसलन्द र कार्यालय सामान	चन्द्र शेखर प्रडक्सन हाउस	६११२७३
३३७-०८२।३।२०	मसलन्द र कार्यालय सामान	सृष्टि छापाखाना उधोग	२०१०२७
५६-०८१।१०।१०	मसलन्द र कार्यालय सामान	पव्लिक छापाखाना	२१९५०४
२१-०८१।६।१९	मसलन्द र कार्यालय सामान	वेष्टन प्रिन्टिङ एण्ड सपोर्ट	२६५३९०
२७-०८२।३।१४	मेशिनरी औजार	जेम्स सप्लायर्स	३५०३००
४२-०८२।३।२४	मसलन्द र कार्यालय सामाग्री (कन्टीजेन्सी)	के.डि. सप्लार्स	१९५१९६
८८-०८२।२।८	फर्निचर फक्चर्स	रियाज फर्निचर	९६१४६०
१६३-०८२।३।१८	एसी खरिद (कन्टीजेन्सी)	गौरव इलेक्ट्रोनिक्स	४४६०००

८५ **जनश्रमदान** (126-2081-08-23):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले देहायअनुसारका उपभोक्ता समितिसंग निर्माण कार्य गर्न पालिकाको नियम अनुसार १५% जनश्रमदानको अंश कट्टा गरेर भुक्तानी गर्नुपर्नेमा सबै रकम पालिकाबाटनै व्यहोरी भुक्तानी गरेकोले उपभोक्ताको जनश्रमदान बापतको रकम असुल हुनुपर्ने रु.

भौनं./मिति	**उपभोक्ता समिति र काम**	**लागत अनुमान**	**कार्य सम्पन्न रकम**	**उपभोक्ताले व्यहोर्नुपर्ने रकम**
१२६।०८१।८।२३	पहिरोपानिमा पहिरो नियनत्रण उपभोक्ता समिति पहिरो नियन्त्रण	१५३११९	१५३११९	२२९६८
१७६।०८१।९।२३	सिमघारी हुदै वडा कार्यालय जोड्ने उपभोक्ता समिति:बाटो मर्मत	१४६४००	१४६४००	२१९६०
२२२।०८१।१०।९	सिमघारी हुदै वडा कार्यालय जोड्ने उपभोक्ता समिति बाटो मर्मत	११६४००	११६४००	१७४००
जम्मा				६२३२८

असुल गर्नुपर्ने	६२,३२८

८६ **योजना सञ्चालन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा सहयोग पुग्ने विषयहरुलाई प्राथमिकता दिई योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने उल्लेख छ।यस पालिकाले वार्षिक बजेटबाट विभिन्न समूहहरुको भवन स्तरोन्नति लगायतका अनुत्पादक र वितरणमुखी कार्यमा बजेट विनियोजन गरी खर्च गरेको छ। यस किसिमका खर्चबाट आर्थिक विकासमा टेवा पुग्ने देखिदैन। पालिकाले यस्तो खर्च नियन्त्रण गरी सार्वजनिक स्रोत साधनको उपयोग गर्दा गुणात्मक प्रतिफल आउने क्रियाकलापहरुमा खर्च गर्नुपर्दछ । केही उदाहरणः

समूहको नाम	**प्रमुख कार्य**	**रकम**
सिर्जनशिल आमा समूह वार्ड नं १०	समुह भवन निर्माण	२०००००
सिर्जनशिल आमा समूह वार्ड नं १	समुह भवन निर्माण स्तर उन्नती	१०००००
सम्वृद्धि आमा समूह	समुह भवन निर्माण स्तर उन्नती	१९९९९८
चम्पादेवी आमा समूह	समुह भवन निर्माण स्तर उन्नती	१०००००
लाम्पाटा आमा समूह शौचालय निर्माण	समुह भवन निर्माण	१०००००
मिलनसार आमा समूह	समुह भवन निर्माण	२०००००
जनज्योती महिला समुह आमा समूह	समुह भवन निर्माण	१०००००

८७ **स्थानीय भत्ता**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **११,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

८८ **औषधि खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २५ लाखसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने र रु.२५ लाख भन्दा माथि ठेक्का प्रक्रिया मार्फत खरिद गर्न सक्ने व्यवस्था छ। पालिकाले यस वर्ष संघीय कार्यक्रमबाट ठेक्का मार्फत रु. ७७३०४९।- को औषधि खरिद गरेको देखिन्छ यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।

- आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको,
- भएका औषधी एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको,
- औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको

तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको अद्यावधिक अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको छुट्टाछुट्टै विवरण राख्नुका साथै आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

८९ **परामर्श सेवा**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नुपर्ने एवं यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले सम्भव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्ने व्यवस्था छ।पालिकाले सम्भाव्यता, आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण नगरी ६ कार्यक्रममा निम्नुनानुसार रु.२०९१०९२।- खर्च लेखेको छ । पालिकाले सम्भव भएसम्म आफ्नो जनशक्तिबाट काम गर्नेतर्फ ध्यान दिई परामर्श सेवा खरिद कार्य नियन्त्रण गर्नुपर्दछ।

क्र.सं.	कार्यक्रमको नाम	कुल खर्च
१	भु-वर्गीकरण कार्यक्रम	५८५३४०
२	स्वास्थ्य संस्थाहरुको सामाजिक परीक्षण	१९३५००
३	जेण्डर अडिट लैङ्गिक उत्तरदायी परीक्षण	१७८९९२
४	सेवा र परामर्श खर्च (O & M) survey	१७९९९२
५	CFLG कार्यक्रम सञ्चालन	१०००००
६	कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जीवनउपयोगी सीप तालिम	८५३२६८
जम्मा		२०९१०९२

९० **फिर्ता रकम दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा सङ्घीय सञ्चितकोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षमा खर्च नभई बाँकी रहेको सशर्त, समपुरक र विशेष अनुदानको रकम स्थानीय तहले सोही आर्थिक वर्षभित्र वा सोही आर्थिक वर्षभित्र नसकेमा आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र सङ्घीय सञ्चित कोषमा फिर्ता गरी सक्नुपर्ने व्यवस्था छ।पालिकाले सङ्घीय सशर्त कार्यक्रमतर्फ आमा सुरक्षा एवं यातायात प्रोत्साहन कार्यक्रम अन्तर्गत देहायका स्वास्थ्य चौकीलाई पेस्की प्रदान गरेकोमा भौचर नं ३४-२०८१।९।३ बाट रु.५४५०००।- को पेस्की फर्स्यौट गरेको देखिन्छ। पालिकाले स्वास्थ्य चौकीहरुबाट आमा सुरक्षा कार्यक्रममा खर्च नभई फिर्ता भएको रु.२६८२००।- पालिका चालु खातामा दाखिला गरेको देखिएकोले सशर्त अनुदानबापतको उक्त रकम संघीय कोषमा फिर्ता दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

स्वास्थ्य चौकीको नाम	पेस्की रकम	कार्य सम्पन्न रकम	फिर्ता रकम
धमिलिकुवा स्वास्थ्य चौकी	२१५०००	९००००	१२४९००
तार्कुघाट स्वास्थ्य चौकी	९५०००	५४८००	४३२००
चक्रतिर्थ स्वास्थ्य चौकी	२३५०००	१३४९००	१००१००
जम्मा			२६८२००।

प्रमाण पेश नगरेको	२,६८,२००

९१ **सामाजिक सुरक्षा तथा संरक्षण**

९१.१ **निकासा खर्च :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैङ्क मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष सामाजिक सुरक्षाबापत रु.१२३३८११०६।- निकासा गरेकोमा रु.१२३०८६७७६।- बैकिङ प्रणालीमार्फत लाभग्राहीको बैङ्क खातामा वितरण गरी रु.२९४३३० निकासा फिर्ता भएको छ ।

९१.२ **लाभग्राहीको अभिलेखः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं १० मा स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहितको मुल अभिलेख नियमावलीको अनुसूची- ३ बमोजिम लक्षित समुह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ । पालिकाले अनुसुची- ३ बमोजिमको मुल अभिलेख लक्षित समुह अनुसार छुट्टाछुट्टै राखेको देखिएन।कार्यविधिमा उल्लिखित व्यवस्थाको पालना गर्नुपर्दछ ।

९१.३ **पारदर्शिता** : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ३२(२) बमोजिम स्थानीय स्थानीय तहले भुक्तानी गरेको रकम र बुझि लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र उपदफा ३ बमोजिम भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली सम्बन्धीत स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था छ। पालिकाले लाभग्राहीको नामावली सार्वजनिक गरी वेभसाइटमा प्रकाशन गरेको छैन । कार्यविधिले तोकेबमोजिम विवरण सार्वजनिक गर्नुपर्दछ ।

९१.४ **लगत अद्यावधिक** : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ४ मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहीले अगामी आर्थिक वर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा वडा कार्यालयमा निवेदन दिनुपर्ने ब्यवस्था छ। साथै बुँदा नं ११ मा लाभग्राहीको मृत्यू भएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम प्रणालीबाट लगत कट्टा गरी सम्बन्धित स्थानीय तहले मूल अभिलेखमा जनाउनुपर्ने उल्लेख छ।पालिकाले सो अनुसार समयमै लगत अद्यावधिक गर्ने गरेको छैन।तसर्थ लाभग्राहीको विवरण अध्यावधिक गरेर मात्र भत्ता वितरण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

९१.५ **सार्वजनिक सुनुवाई र अनुगमनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं २७ एवं ३४ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित अनुगमन तथा सार्वजनिक सुनुवाईको व्यवस्था छ। पालिकाले सामाजिक सुरक्षा सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयार गर्नुका साथै सार्वजनिक सुनुवाई गरेको देखिएन। सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन पालिका स्तरीय अनुगमन संयत्रलाई प्रभावकारी बनाउनुका साथै सार्वजनिक सुनुवाई गरी लगत अद्यावधिक गर्ने कार्यमा ध्यान दिनुपर्ने देखिन्छ ।

९२ विपद सामग्री खरिद

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ अनुसार कुनै पनि खरिद गर्दा खरिद आवश्यकताको पहिचान गरेर , खरिदको विवरण, परिणाम र क्षेत्र निर्धारण यकिन गरेर मात्र सामान खरिद गर्नुपर्ने व्यवस्था छ। कार्यालयले विपद व्यवस्थापन कार्यका लागि स्टेचर ५ थान, फायर ज्याकेट १० थान, त्रिपाल लगायतका रु.५८५४२७ मा पन्चकन्या मार्केटिङ्ग सँग खरिद गरेको देखिन्छ । पालिकाले खरिद गरेका विपद व्यवस्थापन सम्बन्धी सामग्रीहरु उपयोग नभई भण्डार शाखामा मौज्दातमै रहेको देखियो । अतः नियमावलीले तोकेबमोजिम आवश्यकताको यथार्थ पहिचान गरेर मात्र खरिद कार्य व्यवस्थित गर्नुपर्दछ ।

९३ म्याद थप

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा व्यवसायी वा आपूर्तिकर्ताले कारण सहित खरिद सम्झौताको थपको लागि निवेदन दिएमा मनासिव कारण विश्लेषण गरी सम्झौता अवधि थप गर्न सकिने व्यवस्था छ। पालिकामा कार्यान्वयनमा रहेका निम्नानुसार योजनाको ५५ देखि शत प्रतिशत भन्दा बढी म्याद थप गरेको देखियो। यसरी काबु बाहिरको परिस्थिति बाहेक पूर्वनिर्धारित क्षतिपूर्ति समेत निर्धारण नगरी नियमित रूपमा म्याद थप गरेको औचित्यपूर्ण देखिएन ।वस्तुनिष्ठ आधारबेगर पूर्वनिर्धारित क्षतिपूर्ति नलगाउने गरी पटक पटक म्याद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

योजनाको विवरण	ठेक्का नं	शुरु सम्झौता मिति	शुरु सम्पन्न मिति	म्याद थप अनुसार सम्पन्न गर्नुपर्ने मिति	म्याद थप प्रतिशत
टिमुरे बोराङ्खोला सडक निर्माण भक्ति कन्सट्रक्सन	६-८१/८२	२०८२।१।९	२०८२।३।१५	२०८२।८।१५	२००
धमिलिकुवा स्वास्थ्य चौकी भवन १५ शैय्या अस्पताल स्तरोन्नती भगवती निर्माण सेवा	१-७९/८०	२०७९।८।२६	२०८१।१।२०	२०८२।१।२०	७०
सौभाग्योदय मा वि छात्राबास भवन निर्माण बानिया कन्सट्रक्सन	२-८१।८२	२०८१।१०।२८	२०८२।३।१६	२०८२।५।३१	५५

९४ धमिलिकुवा स्वास्थ्य चौकी भवन १५ शैय्या अस्पतालमा स्तरोन्नती (१-०७९।८०)

९४.१ कार्यसम्पादन जमानतको म्याद :

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **९,५१३,१३४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

९४.२ सम्झौतानुसार कार्य नभएको :

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **५६३,६६१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

९५ ठेक्का व्यवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले बोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माण कार्य गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ३० देखि ४० प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो। पालिकाले स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी योजना फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएता पनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमा नै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ ।यस प्रकार सम्झौता भएका केही योजनाको विवरण देहाय अनुसार छ।

क्र.सं.	योजनाको विवरण	ठेक्का नं.	बोलपत्रदाता	लागत अनुमान	सम्झौता रकम	घटी प्रतिशत
१	ज्यामिरे जेठाक टिमुरे बृहत खानेपानी आयोजना	४-८१/८२	सुमन निर्माण सेवा	४२६९२५९	२९४९१४७	३०.९
२	टिमुरे बोराङ्खोला सडक निर्माण योजना	६-८१/८२	भक्ति कन्सट्रक्सा	१३२७१०९९	८४११५३१	३६.६
३	सौभाग्योदय मा वि छात्राबास (तला थप) भवन निर्माण	२-८१/८२	बानिया कन्सट्रक्सन	१९४१३५४३	१३३४२४४६	३१.५
४	ग्लोबल बोर्डिङ्ग देखि महिला सञ्जाल हुँदै चक्रतिर्थ धाम सडक स्तरोन्नती	३-८१/८२	स्नेहा कन्सट्रक्सन	३०११९०४	१७९९५६९	४०.२५

९६ **ज्यामिरे जेठाक टिमुरे बृहत खानेपानी आयोजना**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा व्यवसायी वा आपूर्तिकर्ताले कारण सहित खरिद सम्झौताको अवधि थपको लागि सम्झौताको म्याद समाप्त हुनु २१ दिन अगावै निवेदन दिएमा मनासिव कारण विश्लेषण गरी सम्झौता अवधि थप गर्न सकिने व्यवस्था छ। प्रदेश सरकारबाट हस्तान्तरित पुँजीगत विशेष अनुदान कार्यक्रमतर्फ ज्यामिरे जेठाक टिमुरे बृहत खानेपानी आयोजना अन्तर्गत २४ धारा, १ रिजर्भायर ट्याङ्की एवं इन्टेक सहितको निर्माण कार्यका लागि २०८१।११।२२ मा २०८२।३।१६ भित्र कार्य सम्पन्न गर्ने गरी सुमन निर्माण सेवासँग रु.२९४९१४७।३४ को सम्झौता भएकोमा दोस्रो रनिङ्ग बिलसम्म रु.१८८२९२१।६३ को कार्य भई भुक्तानी भएको देखियो ।सो पश्चात उक्त कार्यको म्याद थपका लागि निवेदन पेश गरेको एवं म्याद थप भएको देखिएन।सम्झौताको शर्तअनुसार निर्धारित समयमा कार्य सम्पन्न नभएको एवं म्याद थप समेत नभएको उक्त कार्यको सम्बन्धमा सार्वजनिक खरिद कानुन एवं सम्झौताको शर्त बमोजिम कारवाहि गरी बाँकी कार्य सम्पन्न गर्नुपर्दछ ।

९७ **असम्बन्धित खर्च**

सम्झौतानुसार निर्माण कार्यको बिल अफ क्वान्टिटीजमा उल्लेख गरेको रकम सोही कार्यमा खर्च गर्नुपर्दछ।पालिकाले निम्नानुसार निर्माण कार्यको बिमाबापत प्रोभिजनल सममा व्यवस्था गरेको रकमबाट निर्माण व्यवसायीले बिमाबाहेक अन्य सामान खरिद गरेको बिल विजक संलग्न गरेका आधारमा रकम भुक्तानी गरेको देखियो। यसरी बिमाका लागि प्रोभिजन गरी सम्झौतामा राखेको रकम अन्यत्र खर्च गरी भुक्तानी गरेकोमा सोको नापजाँच भएको प्रमाण एवं भुक्तानी गर्न पाउने आधार प्रमाण पेश नगरी खर्च लेखेको अनियमित देखिएको रु.

गो भौ नं, मिति	विवरण	भुक्तानी रकम
६२-०८१। १२।२२	वडा नं १ वडा कार्यालय भवननिर्माण (ठेक्का नं २-८०।८१) भक्ति कन्सट्रक्सन: बिमाबाट गटर विथ फिटिङ्ग्स (कडेल ग्रिल सटर उद्योग) खरिद	३०४०३
५१-०८१। ११।१३	वडा नं ६ वडा कार्यालय भवननिर्माण (ठेक्का नं ३-८०।८१) भक्ति कन्सट्रक्सन: बिमाबाट सावर हेड, कन्सोलड, सकेट, धारा आदि (रोशनी सप्लायर्स) खरिद	३६०७०
जम्मा		६६४७३
	अनियमित भएको	६६,४७३

९८ **वडा नं ६ कार्यालय भवन पार्किङ्ग तथा घेराबार निर्माण** (6-):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा निर्माण व्यवसायी वा आपूर्तिकर्ताले कारण सहित खरिद सम्झौताको अवधि थपको लागि सम्झौताको म्याद समाप्त हुनु २१ दिन अगावै निवेदन दिएमा मनासिव कारण विश्लेषण गरी सम्झौता अवधि थप गर्न सकिने व्यवस्था छ। पालिकाले वडा नं ६ कार्यालय भवनको लागि पार्किङ्ग तथा घेराबार निर्माण कार्य गर्न २०८२।२।१ मा २०८२।३।१५ भित्र कार्य सम्पन्न गर्ने गरी भिमकाली कन्स्ट्रक्सन प्रालि सँग रु.१६५५९४८।२७ को सम्झौता भएकोमा दोस्रो रनिङ्ग बिलसम्म

रु.११९०६२४।७८ को कार्य भई भुक्तानी भएको देखियो।सो पश्चात उक्त कार्यको म्याद थपका लागि निवेदन पेश नभएको एवं म्याद थप भएको देखिएन।सम्झौताको शर्तअनुसार निर्धारित समयमा कार्य सम्पन्न नभएको एवं म्याद थप समेत नभएको उक्त कार्यको सम्बन्धमा सार्वजनिक खरिद कानुन एवं सम्झौताको शर्त बमोजिम कारवाहि गरी बाँकी कार्य सम्पन्न गर्नुपर्दछ।

९९ **मोबिलाईजेशन पेस्की**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **८७८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१०० **एज बिल्ट नक्सा**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

१०१ **गुणस्तर परीक्षण**

निर्माण कार्यको लागि तयार गरिएको बिड डकुमेन्ट एवं निर्माण व्यवसायीसँग भएको सम्झौताको साधारण शर्तको बुँदा नं ४१.१ मा योजना व्यवस्थापकलाई स्पेशिफिकेसनमा उल्लेख नभएका (अर्थवर्क, कङ्क्रिट वर्क, मेशनरी/ब्रिक वर्क, रिइन्फोर्समेन्ट वर्क एवं बिटुमिनस वर्क लगायतका कार्यका लागि गरिने परीक्षण बाहेक) कुनै कार्यको गुणस्तर परीक्षण गराउनुपर्ने आवश्यकता महसुस भई गुणस्तर परीक्षण गराउदा गुणस्तर परीक्षण प्रतिवेदनमा कुनै कमीकमजोरी देखा परेको खण्डमा निर्माण व्यवसायीले नै परीक्षण शुल्क बेहोर्नुपर्ने र कुनै कमीकमजोरी देखा नपरेको अवस्थामा उक्त परीक्षणको शुल्क मात्र कार्यालयको तर्फबाट बेहोरिने उल्लेख छ । सो अनुसार स्पेसिफिकेशन अनुसार आवश्यक सबै विषयको गुणस्तर आस्वस्तता प्रदान गर्ने निर्माण व्यवसायीको जिम्मेवारी हुने देखिन्छ । पालिकाले निम्नानुसार निर्माण कार्यको बिल रकम भुक्तानी गर्दा स्पेशिफिकेशन बमोजिमका कार्यको समेत गुणस्तर परीक्षण गराएको प्रतिवेदन तथा बिलको आधारमा गुणस्तर परीक्षणबापत निम्नानुसार भुक्तानी गरेको देखियो ।यसरी पालिकाले सम्झौताको शर्तविपरित योजना व्यवस्थापकको निर्देशनबेगर नियमित गुणस्तर परीक्षण कार्यको भुक्तानी गर्न मिल्ने नदेखिएकोले पालिकाबाट भुक्तानी गरेको रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु.

गो भौ नं, मिति	विवरण	भुक्तानी रकम
३८-२०८२।३।२३	ठेक्का नं.३-०८१।८२ ग्लोबल बोर्डिङ् देखि महिला सञ्जाल हुँदै चक्रतिर्थ धाम सडक स्तरोन्नती स्नेहा कन्सट्रक्सन	१००००
४४-२०८२।३।२४	ठेक्का नं.२-०८१।८२सौभाग्यदय मा वि छात्राबास निर्माण वानियाँ कन्सट्रक्सन	७११९
-२०८२।३।१९	ठेक्का नं.६-०७९।८० बोराङ्खोला मसार प्यारजुङ्ग रिङ्गरोड सडक निर्माणसुन्दर निर्माण सेवा	१७६००
१३-२०८१।६।२०	ठेक्का नं.३-०८०।८१ वडा कार्यालय भवन निर्माण वडा नं ६ भक्ति कन्सट्रक्सन	२००००
जम्मा		५४७१९

असुल गर्नुपर्ने	५४,७१९

१०२ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले राइनासकोट पार्क तथा सिढी निर्माण कार्यका लागि उपभोक्ता समितिसँग २०८१।१२।२० मा २०८२।३।१५ भित्र कार्य गर्ने गरी रु ५३१०३७६।२७ को सम्झौता गरेको देखियो। सो सम्झौतानुसार पालिकाको नेपाल जलवायू नमूना कार्यक्रमबाट

२९१००००।– र प्रधानमन्त्री रोजगार कार्यक्रमबाट श्रमिकको ज्यालाबापत रु.२०७४००० र बाँकी उपभोक्ताको जनश्रमदानबाट बेहोर्नुपर्ने देखिन्छ।उपभोक्ता समितिले रु.३९१०७१८।०१ को मात्र कार्य सम्पन्न गरेकोले सो आधारमा पेश नापी किताब एवं कार्यसम्पन्न अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रु.१५१२५९४।- भुक्तानी भएको देखियो। सो योजनाको सम्पन्न कार्यको आधारमा उपभोक्ताको जनश्रमदान कटाई रु.२१४३०१० पालिकाले नेपाल जलवायू नमूना कार्यक्रबाट भुक्तानी गर्नुपर्नेमा नेपाल जलवायू नमूना कार्यक्रमतर्फ गो.भौ नं १७ र ५०- २०८२।३।२५ बाट रु.२२३५६५४।– भुक्तानी भएको देखियो । अत: सम्झौता एवं कार्यसम्पन्न प्रतिवेदनमा उल्लेख भएभन्दा बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	९२,६४४

संपरीक्षणबाट थप भएको बेरूजू

क्र.सं.	बेरुजुको विवरण	रकम
१	गण्डकी प्रदेशको आर्थिक ऐन, २०८१ को दफा ८(५) मा स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम बाँडफाँड गरी ६० प्रतिशत रकम स्थानीय तहको सञ्चित कोषमा र ४० प्रतिशत रकम प्रदेश सञ्चितकोषमा दाखिला गर्नुपर्ने उल्लेख छ। पालिकाको विभाज्य कोषमा आर्थिक वर्ष २०८१।८२ को रु.२८१५६४९।- बाँडफाँड गर्न बाँकी रहेको देखिन्छ । ऐनको व्यवस्थानुसार समयमै बाँडफाँड नगरेको उक्त रकम गण्डकी प्रदेशको आर्थिक ऐन अनुसार प्रदेश सञ्चित कोष र स्थानीय सञ्चितकोषमा दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।	०

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : राईनास नगरपालिका, लमजुङ , राईनास नगरपालिका , लमजुङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Dhaneshwor Poudel	२०८१-१-२४	हाल सम्म कार्यरत
लेखा प्रमुख	Shiva Paudel	२०७९-१२-१४	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१,७८२,११४	१०,७३९,८२४	२४,७३३,५८४	०	०	६०,०००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					३७,३१५,५२२
प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.					१९,९०६,१८७
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					१७,४०९,३३५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		६३३२५६५२.०१	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४२२५५१०३७	चालु खर्च	३५४३१३६३९
प्रदेश सरकारबाट अनुदान	१५४३००००	पूँजीगत खर्च	१२७०९५८५९.९५
राजश्व बाँडफाँट	८३७०६६३७.२२	वित्तीय/अन्य व्यवस्था	१९५५२८८५५.६
आन्तरिक आय	१२१८५२०७		
अन्य आय	१३५२०३४१९.८८		
कुल आय	६६९०७६३०१.१०	कुल खर्च	६७६९३८३५४.५५
बाँकी मौज्दात		५५४६३५९८.५६	

अनुसूची - २

सि.नं	लेखापरीक्षण	लेखापरीक्षण गरिएका विषय
1	डिपिआर खर्च	खर्च परीक्षण
2	कृषि तथा पशुतर्फ	अनुदान
3	शिक्षा तर्फ	शिक्षातर्फ
4	तलब भत्ता तथा पारिश्रमिक खर्च (तलव, अन्य सुविधा, नियमित परामर्श र करार सेवा)	खर्च परीक्षण
5	पदाधिकारी सुविधा	खर्च परीक्षण
6	तालिम र कार्यक्रम खर्च	खर्च परीक्षण
7	कण्टिन्जेन्सी खर्च	खर्च परीक्षण
8	स्वास्थ्यतर्फ	स्वास्थ्यतर्फ
9	सामाजिक सुरक्षा	सामाजिक सुरक्षातर्फ
10	संघ र प्रदेशबाट प्राप्त सशर्त लगायत अनुदान (अख्तियारी तथा अन्य कार्यक्रम)	अनुदान
11	सफ्टवेयर खरिद र सञ्चालन खर्च	खर्च परीक्षण
12	ठेक्का तथा प्रस्ताव व्यवस्थापन	ठेक्का व्यवस्थापन
13	अमानत, उपभोक्ता समिति र गैरसरकारी संस्थाबाट कार्य गराउने।	उपभोक्ता समिति मार्फत कार्य
14	विविध खर्च	अनुत्पादक खर्च
15	आन्तरिक आयतर्फ	आन्तरिक आयतर्फ
16	खरिद व्यवस्थापन	खरिद व्यवस्थापन
17	रकमान्तर तथा अवण्डा	अन्य विषयहरू
18	दैनिक भ्रमण भत्ता झोला र एसि खरिद	खर्च परीक्षण

बेरुजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		९,३८,८६,२४४.१४	०	९,३८,८६,२४४.१४	८,२०,१०,५७५.५५	०	८,२०,१०,५७५.५५
१३०००	अनुदान		३७,५७,१७,८९४.००	०	३७,५७,१७,८९४.००	३९,२१,०९,०९०.८७	०	३९,२१,०९,०९०.८७
१४०००	अन्य राजस्व		७९,८५,२७६.१४	०	७९,८५,२७६.१४	७५,३३,५६०.८९	०	७५,३३,५६०.८९
१५०००	विविध प्राप्ति		३,५३,५९५.००	०	३,५३,५९५.००	३४,२००.००	०	३४,२००.००
क	कुल जम्मा प्राप्ति		४७,७९,४३,००९.२८		४७,७९,४३,००९.२८	४८,१६,८७,४२७.३१		४८,१६,८७,४२७.३१
३	चालु		३५,४३,१३,६३९.००	०	३५,४३,१३,६३९.००	३३,९६,६३,३२३.५३	०	३३,९६,६३,३२३.५३
२१०००	पारिश्रमिक / सुविधा		२३,४०,६५,३५१.००	०	२३,४०,६५,३५१.००	२६,००,७६,८५०.३०	०	२६,००,७६,८५०.३०
२२०००	मालसामान तथा सेवाको उपयोग		८,४५,८६,३३६.००	०	८,४५,८६,३३६.००	७,३५,९१,७४८.२३	०	७,३५,९१,७४८.२३
२५०००	सहायता (Subsidy)		०	०	०	५०,५३,७२५.००	०	५०,५३,७२५.००
२६०००	अनुदान		२,८८,४९,५४६.००	०	२,८८,४९,५४६.००	०	०	०
२७०००	सामाजिक सुरक्षा		५७,७१,६३५.००	०	५७,७१,६३५.००	०	०	०
२८०००	अन्य खर्च		१०,४०,७७१.००	०	१०,४०,७७१.००	९,४१,०००.००	०	९,४१,०००.००
४	पूंजीगत		१२,७०,९५,८५९.९५	०	१२,७०,९५,८५९.९५	१३,५९,०३,४३१.३४	०	१३,५९,०३,४३१.३४
३१११०	भवन तथा संरचना		५,७४,४३,४२९.००	०	५,७४,४३,४२९.००	६,४२,४५,३५७.००	०	६,४२,४५,३५७.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		६३,०६,४५३.९५	०	६३,०६,४५३.९५	३५,१४,२२५.३४	०	३५,१४,२२५.३४
३११३०	अन्य पूँजीगत खर्च		०	०	०	१,०४,४००.००	०	१,०४,४००.००
३११५०	सार्वजनिक		६,३२,००,४७७.००	०	६,३२,००,४७७.००	६,८०,३९,४४९.००	०	६,८०,३९,४४९.००

	निर्माण							
३११६०	निर्मितसरचनाको सुधार खर्च		१,४५,५००.००	०	१,४५,५००.००	०	०	०
ख)	कुल जम्मा भुक्तानी		४८,१४,०९,४९८.९५		४८,१४,०९,४९८.९५	४७,५५,६६,७५४.८७		४७,५५,६६,७५४.८७
ग)	बचत /कमी (ग = क-ख)		(३४,६६,४८९.६७)		(३४,६६,४८९.६७)	६१,२०,६७२.४४		६१,२०,६७२.४४
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		६,१४,१८५.८०		६,१४,१८५.८०	(२६,८०,९९४.४९)		(२६,८०,९९४.४९)
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी		२,२२,२२७.२०		२,२२,२२७.२०			
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		(२८,५२,३०३.८७)		(२८,५२,३०३.८७)	३४,३९,६७७.९५		३४,३९,६७७.९५
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		५,६२,१९,७८०.९८		५,६२,१९,७८०.९८	५,८४,८३,७०६.०६		५,८४,८३,७०६.०६
छ)	विनिमय नाफा/ घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		५,३३,६७,४७७.११		५,३३,६७,४७७.११	६,१९,२३,३८४.०१		६,१९,२३,३८४.०१

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।